वर्ष : १६, अंक : ४, काठमाडौं, २०७७ वैशाख २६ गते शुक्रवार, 8 May 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# रेडजोनमा प्रदेश २, कोरोना परीक्षण किटको अभाव

**मधेशवाणी डेस्क**

काठमाडौं । सन् २०२० जनवरी २४ मा नेपालमा कोरोना भाइरस महामारी प्रथमपटक देखा परेको थियो । जुन दक्षिण एसियाकै प्रथम प्रमाणित मामला थियो । फेब्रुअरी २०२० मा वुहानबाट नेपालीहरूलाई फिर्ता ल्याएर भक्तपुरमा क्वारनटाइन राखिएको थियो जसमा सबै व्यक्तिको परीक्षण नकारात्मक रहेको थियो ।

फ्रान्सबाट कतार हुँदै नेपाल आएकी १९ वर्षिया नेपाली छात्रालाई २३ मार्चमा कोरोनाभाइरस प्रमाणित भएपश्चात नेपालको दोस्रो प्रमाणित मामला देखापरेको थियो । संघीय सरकारले कोरोना संक्रमण फैलन सक्ने खतराका दृष्टिले प्रदेश २ का आठ जिल्लालाई अति जोखिमपूर्ण (रेडजोन) क्षेत्रको सूचीमा राखी लकडाउनलाई अझ बढी प्रभावकारीरूपमा अगाडि बढाएको छ ।

कोरोना संक्रमणको उच्च जोखिममा रहेको यो प्रदेशको आठवटै जिल्लामा लकडाउनलाई प्रभावकारीरूपमा लागू गरी सीमा सतर्कता बढाइएको प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रहरी निरीक्षक तिलक सुनारले बताए ।

भारतीय सीमासँग जोडिएको प्रदेश २ का आठ जिल्लाको लम्बाइ ४२८ किलोमिटर छ । सो क्षेत्रमा ३२९ वटा चेक प्वाइन्ट खडा गरी सीमा क्षेत्रको आउजाउमा व्यापक कडाइ गरिएको छ ।

खुला सीमाका कारण भारतबाट लुकीछिपी नेपाल प्रवेश गर्ने क्रम बढेपछि प्रदेश २ प्रहरी कार्यालयले सीमानाकामा चेक प्वाइन्ट खडा गरी निगरानी बढाएको हो । लकडाउनलाई सफल पार्न प्रहरीले कडाइ गरेपछि सामाजिक दूरी कायम गर्नेमा सुधार हुँदै आएको प्रदेश २ प्रहरी कार्यालयले जनाएको छ ।

प्रदेश २ मा अहिलेसम्म कोरोना पोजेटिभको संख्या १० पुगेको छ । जसमध्ये एकजना उपचारपछि घर फर्किसकेको र उनको आरडिटी परीक्षण गर्दा पुन: कोरोना पोजेटिभ देखिएको थियो । ती १० जनाको वीरगञ्जस्थित नारायणी कोभिड अस्पतालमा उपचार भइरहेको छ ।

हाल प्रदेश २ मा आइसोलेशनमा ३० र क्वारेन्टाइनमा एक हजार १५७ जना रहेको जनाइएको छ । लकडाउनको अवहेलना गरी बाहिर निस्किने ७३७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ भने लकडाउनको पालना नगरेको ६ हजार ६७० वटा सवारी साधन नियन्त्रणमा लिएको छ । प्रदेश २ रेडजोनमा आएपछि लकडाउनलाई पूर्णरूपमा पालना गराउन कडाइ गरिनाका साथै सीमा क्षेत्रमा समेत कडाइ गरिएको छ ।

**प्रदेश सरकारद्वारा २ अर्ब निकासा**

प्रदेश २ सरकारले कोरोना रोकथाम नियन्त्रण तथा उपचारका लागि २ अर्ब रूपैयाँ खर्च गर्ने भएको छ । कोरोना रोकथाम नियन्त्रण तथा उपचारका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले २ अर्ब रूपैयाँ रकम निकासा गरेको हो ।

चालू आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारले विनियोजन गरेको कूल ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार रूपैयाँ छ । जसबाट कोरोना रोकथाम तथा नियन्त्रण प्रयोजनका लागि २ अर्ब रूपैयाँ निकासा भएको र खर्च हुने क्रममा रहेको आर्थिक मामिलामा तथा योजना मन्त्रालयका सचिव प्रेमकुमार श्रेष्ठले जानकारी दिए ।




उनका अनुसार कोरोना रोकथाम तथा नियन्त्रणमा खर्च गर्न सामाजिक विकास मन्त्रालय अन्तर्गत ८६ करोड रूपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई १० करोड ४५ लाख रूपैयाँ पठाइएको छ ।

यस्तै, लकडाउन प्रभावितलाई राहत बाँड्न उद्योग, पर्यटन तथा वन मन्त्रालयलाई ३३ करोड ७० लाख र भूमि व्यवस्था तथा कृषि मन्त्रालयलाई ३६ करोड रूपैयाँ निकासा गरिएको छ ।

त्यसैगरी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १ करोड, भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतको ४ वटा डिभिजनलाई २५/२५ लाख रूपैयाँको दरले पैसा पठाइएको सचिव श्रेष्ठले बताए ।

यस बाहेक प्रदेश सरकारले स्थापना गरेको कोभिड-१९ कोषमा २५ करोड रूपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

कोरोना रोकथाम, नियन्त्रण, उपचार काममा खटिने स्वास्थ्यकर्मी, कर्मचारी, सवारी चालक, पत्रकार लगायतका व्यक्तिहरूको ज्यान गएमा ५० लाख रूपैयाँ क्षतिपूर्ति दिने निर्णय प्रदेश सरकारले गरिसकेको छ ।

कोरोना संक्रमितको संख्या बढिरहेको बेला प्रदेश २ मा परीक्षण किटको अभाव भएको छ । कोरोना जाँच गर्न आरडीटीका साथै स्वाब संकलन किट भीटीएमको समेत प्रदेश २ मा अभाव भएको हो ।

समूहमा कोरोना परीक्षण गर्न आरडीटी प्रयोग गरिन्छ भने पीसीआर जाँचको लागि स्वाब संकलन गरेर एक स्थानबाट अर्को स्थानसम्म पुऱ्याउन भीटीएम किट प्रयोग हुन्छ । प्रदेश २ मा अहिले दुबै किटको अभाव भएको बताइएको छ ।

सामाजिक विकास मन्त्रालय अन्तर्गतको आपूर्ति महाशाखाले जनाएअनुसार प्रदेशमा अहिले सय थान आरडीटी र करिब पाँच सय थान भीटीएममात्र मौज्दातमा छ । आरडीटी परीक्षण भरपर्दो नरहेकोले जाँचलाई तिव्रता दिन तत्काल भीटीएम आवश्यक रहेको चिकित्सकहरू बताउँछन् ।

आपूर्ति महाशाखाका निर्देशक डा.प्रमोद यादवले आरडीटी करिब सकिसकेको र भीटीएमको मौज्दातसमेत न्यून रहेको बताए । स्वास्थ्य सेवा विभागले पठाएको एक हजार थान भीटीएमससमेत जिल्लाहरूमा पठाउने काम भइरहेको यादवको भनाइ छ । भीटीएमको तत्काल व्यवस्था गर्न नसकिए कोरोना परीक्षण प्रभावित हुनसक्ने यादव बताउँछन् ।

भीटीएम किटको अभाव हुँदा कतिपय स्थानका क्वारेन्टाइनमा १४ दिनभन्दा बढी बसिसकेकाहरूको समेत स्वाब परीक्षण हुन नसकेको डा. यादवले बताए । भीटीएम किटको अभाव भएपछि क्वारेन्टाइनमा बसेका कतिपयको समय पुगिसकेपनि रोकेर राखिएको उनको भनाइ छ ।

चैत २९ गते पाँच हजार थान, वैशाख ५ गते दुई हजार थान र वैशाख २३ गते एक हजार थान आरडीटी किट पठाइएको थियो । यसैगरी संघीय सरकारले चैत १२ गते ४०, वैशाख १३ र २३ गते १/१ हजार थान गरी जम्मा २ हजार ४० थान भीटीएम किट पठाएको छ । वैशाख २३ पछि संघीय सरकारले प्रदेश २ लाई आरडीटी र भीटीएम पठाएको छैन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# नेकपाको 'माइक्रो म्यानेजमेन्ट'मा चीन सक्रिय

काठमाडौं । सत्तासीन नेकपाभित्रको विवाद उत्कर्षमा पुगेको बेला चीनको चासो फेरि ह्वात्तै बढेको देखिएको छ । कोरोनाको संक्रमण भन्दा तेज गतीमा नेकपाका आन्तरिक खेमाहरू ध्रुविकृत हुँदै जाँदा उत्तरी छिमेकी चीनको नेपालमा गतिविधी ह्वात्तै बढेको हो । कोरोना महामारीसँगै नेकपामा देखिएको राजनीतिक उतारचढावले फेरि चीनको भूमिकालाई एकपटक सतहमा ल्याइदिएको छ । यसबीचमा चीनका राष्ट्रपतिले नेपालका राष्ट्रपतिलाई फोन गरेर कोभिड १९ सँग लड्न नेपाललाई जुनसुकैस्तरको सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिएको भन्ने समाचार वाहिर आयो । सार्वजनिक खपतका लागि ति कुरा वाहिर ल्याइए पनि भित्री रूपमा नेकपा जोड्दा प्रयोग भएको चिनियाँ रसायनलाई फेरि प्रयोगमा ल्याउनु पर्छकी भन्ने उद्देश्य नै थियो ।

*बाँकी अन्तिम पृष्ठमा*






**समय सन्दर्भ**

राजेन्द्र महतो



# सरकारको कानमा पुगोस् : जनता जोगाइ देऊ

कोरोना महामारी विश्वव्यापीरूपमा फैलिएको अवस्थामा हाम्रो देश पनि अछुतो छैन । आजको बैठक संवैधानिक वाध्यताकै कारणले भए पनि बोलाइएको हो । यो परिस्थितिमा यो बैठकलाई व्यापकरूपमा जनताको हितमा, महामारीको विरूद्धमा काम गर्नुपर्ने हो, यसको सदुपयोग हामी गर्छौं ।

सरकारलाई आफ्नो बजेट अधिवेशनका लागि बैठक बोलाइएको भए पनि जनतालाई परिरहेको कष्ट/पीडासमेत यो बैठकमा उठाउन पाउने छौं ।

विश्वमा ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । संक्रमित भई उपचार गराइरहेका देशमा, विदेशमा जहाँ भए पनि सबै नेपालीहरूमा स्वास्थ्यलाभको कामना गर्दछौं । अग्रपंक्तिमा संघर्ष गरिरहेका डाक्टर, नर्स, सुरक्षाकर्मी लगायत प्रत्यक्षरूपले लागिरहेकाप्रति पार्टीका तर्फबाट आभार व्यक्त गर्दछु ।

आज हामी सम्पूर्ण नेपाली, दल र नागरिक समाज एक भएर लड्नुपर्ने आवश्यकता छ । देशबासीहरू एकतावद्ध भएर यो साझा महामारीबाट जोगाउने, जोगिने र यसलाई परास्त गर्ने साझा दायित्व हो । हामी सबै नेपालीले एकतावद्ध भएर काम गरिरहेका छौं । लकडाउन जीवनरक्षाका लागि बाध्यकारी हो । अति पीडाका साथ भए पनि हामीले यसको पालना गरिरहेकोमा म सम्पूर्ण नेपालीलाई आभार व्यक्त गर्न चाहन्छु ।

यो महामारी संक्रमबाट पीडामै रहेको अवस्थामा बैठक प्रारम्भ भएको छ । म सम्झिन चाहन्छु, प्रथम बैठक हुँदा हामी कति खुशी थियौं ? सम्पूर्ण नेपाली जनता धेरै खुशी थियौं । जनताले शक्तिशाली सरकार बनाएको छ, सुशासन होला, समृद्धि होला, पहिचानवादीले अधिकार पाउलान्, हिमाल पहाड मधेसले अधिकार पक्का पाउला भनेर हामीले सरकारलाई सहयोग समर्थन पनि गरेकै हो ।

तर, आज प्रश्न उठेको छ, नेपाली जनताले के पाए ? आज नेपाली जनताले शक्तिशाली सरकारबाट के पाए ? जुन सपमा हामीले देखेका थियौं, सुशासन पायौं ? समृद्धि पायौं ? के सबैका लागि संविधान बन्यो ? के हामीले खोसिएका अधिकार पायौं ?

तर, आज म यी सबै सवाल उठाउँदिनँ । निर्वाचित सांसद रेशम चौधरीलाई किन रिहाइ भएन, उठाउँदिनँ । आज केही कुरा उठाउँदिनँ । आज एउटा मात्रै कुरा उठाउन मन लागेको छ । एउटा मात्रै प्रश्न हो, एउटा मात्रै माग हो- सभामुख महोदय, तपाईमार्फत यो सरकारलाई एउटामात्रै सवाल हो- नेपाली नागरिकलाई बचाउ, उसको जीवन रक्षा गर । यो एउटा मात्रै उठाउन खोजेको हुँ । बाँकी सवाल आज उठाउँदिनँ ।

यो काम सरकारले कति इमान्दारिताका साथ गरिराखेको छ ? जनताको जीवन त कता रक्षा होला, यहाँ त मानवताविरूद्धको अपराधसमेत सरकारले गरिहाल्यो । अपहरित कारवाही गरिदेऊ भन्दा उजुरी नलिने ? हुकुम आयो होला नि । यो सरकार कुर्सी जोगाउ, कुर्सी पाऊ, यही धन्दामा लाग्यो ।

जनता त्राहीमाम, उता कुर्सी बचाउनका लागि अध्यादेश । के हो यो ? सरकार के गरिराखेको छ ? यो रातारात आध्यादेश केका लागि आयो ? लोकतन्त्र बलियो पार्न, पार्टी फुटाउने रे ! के हो यो ?

यस्तै बेलामा जनताले सरकारबाट सुरक्षा राहत खोजेको हुन्छ । काम न काजको दुईतिहाईको सरकारलाई जनतालाई पीडा पुऱ्याउन भोट दिएको हो ? आजको दिनमा दुई तिहाईको सरकार दुई कौडीको काम नगर्ने ।

हाम्रो पार्टी पनि फुटाउने रे ! हाम्रो मित्र पार्टीलाई फुटाउने रे ! सरप्राइज ! खुदा पहाड निकला चुहिया ! यहाँ त अर्कै पो सरप्राइज आएको रहेछ त ! यस्तो काम न काज सरप्राइज नेपाली जनतालाई चाहिएको छैन । हामीले पनि सरप्राइज गरेर देखाइदियौं । लु फो 'त हाम्रो पार्टी !

आज म केही कुरा उठाउँदिनँ । निर्मला पन्तका हत्यारालाई किन कारवाही भएन, यो कुरा उठाउँदिनँ । स्वास्थ्य सामग्रीको भ्रष्टाचार, वाइडबडी केही पनि उठाउँदिनँ । एउटा कुरा उठाउँछु, सरकारको कानमा पुगोस्- जनता जोगाइ देऊ ।

सरकारले कोरोना सय नाघेको छैन भन्दैछ । कतिको जाँच गऱ्यौ ? अनि कोरोना छैन ! व्यापकरूपमा जाँच भए पो पत्ता लाग्छ त । जाँचै नगर्ने, कछुवाको गतिमा कोरोनाको टेस्ट गर्ने ? व्यापकरूपमा परीक्षण हुनुपऱ्यो । हामी सांसदले हिजो टेस्ट गरायौं, कुनै सांसदमा निस्के न रे ! जनताको चाँडै नगर्ने, अनि क्षेत्रमा घुम्दा केरोना बाँड्ने ? जाँच त हुनुपऱ्यो नि । सरकारले गर्नुपर्ने काम गरिहरहेको छैन ।

## सम्पादकीय

# संकटमा 'दलीय राजनीति'

नेकपाको सरकार यतिखेर महामारीबाट आक्रान्त संकटप्रति पूर्णतः बेपरवाह छ। पछिल्लो केही सातादेखि नेकपामा देखिएको गुटगत राजनीतिले संकटमा नेतृत्वको नागरिकप्रतिको उत्तरदायित्व उजागर गरेको छ। संघीय सरकार र उसका संयन्त्रहरूले जोखिमपूर्ण क्षेत्रमा परीक्षणका लागि पर्याप्त आवश्यक सामग्री पुऱ्याउन सकेका छैनन्, आवश्यक परिमाणमा स्वास्थ्य उपकरण र सामग्रीसमेत खरिद गर्न सकेको छैन, महामारीको सम्भावित अनिष्ट आकलन गर्न सकेको छैन तर पार्टी बोल्दैन। दक्ष जनशक्तिको अभाव त्यस्तै छ तर यो पंक्तिमा पार्टीका नेताहरू छैनन। के देश अहिले सामान्य अवस्थामा छ ? के आम जीवन सामान्य रूपमा चलेको छ ? के दैनिक ज्यालामजदुरीको काम गरेर बिहान बेलुकाको छाक टारिरहेका मजदुरले काम गर्न पाएका छन् ? के बालबालिका पढ्न र सिक्न स्कुल जान पाएका छन् ? के कोही बिरामी पर्दा अस्पतालसम्म पुग्ने उपाय छ ? मुलुकको यथार्थ यही हो। तर यसप्रति न त सरकार गम्भीर छ, न त नेपका नै।

सत्ताको कमान सम्हालेको मुलुककै ठूलो र शक्तिशाली दल नेकपा देशमा केही पनि नभएझैं गरी प्रस्तुत भइरहेछ। ८ वैशाखमा सरकारले ल्याएका दुई वटा अध्यादेशलाई बहाना बनाएर नेकपा अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वमा रहेको पंक्तिले महामारी बिर्सेर शुरू गरेको शक्ति संघर्षका कारण पछिल्लो केही सातादेखि यो दलले गुटगत राजनीतिको रमितामा बिताइरहेको छ। यसै त राजनीति भनेको फोहोरी खेल हो भन्ने आममनोविज्ञान बनिसकेको जनमानसमा यस्तो रमिताले राजनीति, दल र नेताको साखलाई चौपट पार्दैछ। सिंगो मुलुक महामारी र लकडाउनले आक्रान्त रहेका बेला सत्तारूढ दलभित्रको यो रमिता नागरिकको जीवनमाथि गरिएको खेलवाड हो। हो, अपेक्षित रूपमा नभए पनि सरकारले महामारीसँग जुध्ने प्रयास

**कृषि उत्पादनको साथमा पशुपालनलाई पनि अघि बढाउनुपर्छ । मधेशका फाँटमा ठूलाठूला माछापोखरीको सम्भावना छ । मधेशका प्रत्येक किसानले फलफूल खेती पनि गर्ने वातावरण निर्माण गर्नुपर्छ । राज्य सञ्चालित कृषि फार्म र बागवानी फार्म किसान समूहलाई हस्तान्तरण गर्नुपर्छ ।**

गरिरहेको छ। अरू उपाय प्रभावकारी नभए पनि संक्रमणको विस्तार रोक्न प्रभावकारी कदम देखाएको छ। यद्यपि यसका लागि अरू पहलहरू हुनपदर्थ्यो तर सरकार त्यसमा चुकेको छ। संकटकै बीच सरकारले दुइ वटा अध्यादेश ल्याएर राजनीतिक स्वार्थका केन्द्रहरूलाई टाउको उठाउने मौका दिएको छ। जसले दिनरात नभनी काम गरिरहेको बताउने प्रधानमन्त्री र मन्त्रीहरूलाई जसभन्दा अपजसको भागीदार बनाउने भूमिका खेले। अरू बेला जस्तो सामान्य अवस्था हुन्थ्यो भने यो सत्तारूढ दलको जनताप्रतिको गैरजिम्मेवारी मात्र हुन सक्थ्यो। हाम्रो बुझाइमा प्रत्येकको जीउज्यानसँग जोडिएको यो खेलाँची अक्षम्य हर्कत हो। नागरिकको जीउज्यान र जनजीविकाका सवाल राजनीतिबाट अलग हुनु सबभन्दा पहिले स्वयं दल र नेताहरूकै लागि खतराको घण्टी हो।

हो, यो बेला पनि सरकारले गरेका प्रत्येक निर्णय र गतिविधि विधिसम्मत हुनैपर्छ। तर अहिले महामारीसँग जुध्ने, रोग र भोकबाट प्रत्येक नागरिकलाई जोगाउने बेला हो। त्यसमा लड्खडाईरहेको छ भने पनि सरकारलाई त्यसका निम्ति बाध्य पार्ने भूमिकामा नेकपा छ। अवस्था सामान्य भएपछि सरकारका निर्णयदेखि आर्थिक अनियमितताम्मका विषयलाई संवैधानिक, कानूनी र राजनीतिक परीक्षणको समेत कठघरामा उभ्याउन सकिन्छ। नागरिकको जीवनरक्षा र जीविकाका निम्ति सरकारलाई यो जिम्मेवारीमा अझ बढी केन्द्रित गराउनुपर्ने र बाटो बिराएको भए सही बाटोमा ल्याउनुपर्ने सत्तारूढ दलभित्र यो विषयले कहीँ कतै प्रवेश नै पाएन। तर त्यहाँभित्र देखिएको रमिता पद र शक्तिको हानथापमा मात्र केन्द्रित रहनु, पद र शक्तिको संघर्ष, गुटको प्रतिस्पर्धा गर्ने सामान्य अवस्थामा देश छैन भन्ने हेक्का नराखिनु बिडम्बना हो।

# लकडाउन, 'नेपालको कृषि अवसर'



**अजय यादव (बरबरिया)**

विश्वको लगभग सबै देशहरूको अर्थतन्त्र, कलकरखाना र उद्योगले धानेको छ। नेपाल कृषि प्रधान देश हो। केही दशक, यता नेपालको अर्थतन्त्र रेमिटान्सले धानेको छ, त्यो बेग्लै पक्ष हो। किनभने नेपालको म्यानपावर विदेशिएका छन्। कोरोनाको कहर जो, अहिलेको अवस्थामा विश्वको मानव जगतकै, विश्व अर्थतन्त्रको समेत रिड भाँच्चिएको छ। कोरोना माहामारीको अवस्था हेर्दा, अझ कति लम्बिन्छ ? त्यसको कुनै आँकलन छैन। यदि यो लम्बियो भने विश्वको अवस्था के हुने छ र ? त्यसको कल्पनासमेत भयानक देखिन्छ, पृथ्वी जगतका सम्पूर्ण प्राणी माथि संकटको पहाड आईपर्ने देखिन्छ। हामी कृषि प्रधान देश छौं, तर हामीले नेपाललाई कृषिमा आत्मनिर्भर गर्न सकेका छैनौं। तर यो लकडाउनको समयले नेपालीलाई कृषिमा आत्मनिर्भर हुने सुनौलो अवसर प्रदान गरेको छ।

केही दशक अघि, कृषि क्षेत्रलाई देशको अर्थव्यवस्थाको रीढ़को रूपमा मानिन्थ्यो। नेपाल दक्षिण एसियामा धान निर्यात गर्ने प्रमुख देशहरूमध्ये एक थियो। नब्बेको दशकको शुरूसम्ममा ९० प्रतिशतभन्दा बढी जनसंख्या कृषिमा संलग्न थिए र जीडीपीमा योगदान ४२ प्रतिशत थियो। सन् १९९० मा प्रजातन्त्रको पुनःस्थापना पछि नेपालले उद्धार आर्थिक नीतिहरू अपनायो जसले गैर कृषि सेवा क्षेत्रमा रोजगारीको अवसरलाई बढावा दियो। यसका साथै विदेशमा नयाँ रोजगारीका अवसरहरू पनि खोजी गरियो र आप्रवासन पनि बढ्यो।

यसैबीचमा, उक्त गृहयुद्धमा प्रवेश भयो एक संचयी प्रभावको रूपमा, ग्रामीणबाट सहरी क्षेत्रमा उच्च बहिर्गमन र विदेशी कामका लागि युवाहरूको उच्च प्रवाह थियो। नतिजाको रूपमा, कृषि जग्गा पछाडि छोडियो वा कृषि उत्पादन महिलामा बढी निर्भर थियो। यद्यपि, पछिल्ला वर्षहरूमा सरकारले कृषिमा मानिसहरूलाई आकर्षित गर्न धेरै नीति ल्याएको छ र कृषि जग्गा पनी राख्न प्रतिबन्ध लगाउने हालसालै कानून जारी गरिएको छ।

नेपाल जग्गामा ताल्चा लगाइएको हिमालयन देश हो जुन चीन (तिब्बत) देखि त्यसपछिको दक्षिण भारत र यसको दक्षिणी देशहरू मध्ये १४४औं स्थानमा छ। गत दुई दशकहरूमा नेपालले गरीबी न्यूनीकरणमा उल्लेखनीय प्रगति गरेको छ तर गरीबी अझै पनि व्याप्त छ र यसले ग्रामीण र पेरी(शहरी क्षेत्रहरूमा खाद्यान्न असुरक्षा र कुपोषणको दरलाई प्रदर्शन गर्दछ। गरीबी मुख्यतया ग्रामीण र कृषि घटना हो, जहाँ गरीबी घटनाको दर ग्रामीण क्षेत्रहरूमा बढी (३३ प्रतिशत) शहरी क्षेत्रहरूमा मात्र प्रतिशत को तुलनामा छ। करीव घरपरिवारमा केवल महिनाको खाना पर्याप्त छ जुन देशको १६ प्रतिशत जनसंख्याको कुपोषणमा छ। गरीबी न्यूनीकरण प्रयास र नेपालको आर्थिक बृद्धि यसको कृषि क्षेत्रको बृद्धिबाट निर्धारित गरिएको छ, जसका

लागि योगदान कुल घरेलू उत्पादनको एक तिहाई। यी क्याक्टरले आय बृद्धि गर्न, गरीबी निवारण गर्न र दुई तिहाई नेपाली जनताको उत्थान गर्ने जीवनस्तरका लागि महत्वपूर्ण छ जहाँ करीव ८० प्रतिशत मानिसहरू ग्रामीण छन्। यो व्यक्तिको खाद्यान्न सुरक्षा, आय र निर्यात आयको प्रमुख स्रोत हो, र साथै गरिब समर्थक, सामाजिक कल्याण र मानव विकासको प्रमुख ईन्जिन हो। नेपालको जनसंख्याको आजीविकाको सबैभन्दा महत्त्वपूर्ण प्रदायकको रूपमा कृषि खेतीको महत्त्वले संकेत गर्दछ कि यस सेक्टरमा भएको सुधारले खाद्य सुरक्षा र गरिबी निवारण सुनिश्चित गर्नमा निर्णायक प्रभाव पार्छ।

कृषिका चुनौतीहरू

नेपाली कृषिको लागि गम्भीर प्रश्न होस् योजनाबद्ध प्रयासको बाबजुद यो क्षेत्र किन पछाडि छ ? नेपाल सरकार को बीचको पहिलो पंचवर्षीय योजनादेखि अहिलेसम्म कृषिलाई उच्च प्राथमिकतामा राखेको छ। यसबाहेक सरकारले कृषि परिप्रेक्ष्य योजना कार्यान्वयन गरेको छ र यस क्षेत्रलाई व्यावसायिकरण र आधुनिकीकरण गर्नुपर्ने आवश्यकता महसुस गरेको छ। तर कार्यान्वयनको अन्त्यमा, जनताको संलग्नता र जीडीपीमा योगदान दुबै हुने भनियो। यसको सट्टा, वित्त मन्त्रालयका अनुसार कृषि उत्पादनको आयात अविश्वसनीय रूपमा बढेको छ। परम्परागत फसल कम उत्पादकता संग र त्यसैले कृषि उत्पादनहरू को राष्ट्रीय आवश्यकता को आपूर्ति गर्न सक्षम छैन।

शहरीकरण र उत्पादन प्रणालीको आधुनिकीकरणले मुलुकको कृषिको दूरगामी विकासको समाधानका लागि वर्तमान र उदाउँदो धेरै समस्याहरूको समाधान गरेको छ। प्रमुख र उभरने विषयहरूमा जमिन खस्कँदै गइरहेको, पानीको श्रोतहरू र वातावरणीय प्रदूषणको नोक्सान समावेश छ। तराई र पहाडमा द्रुत सहरीकरण र अनियोजित संरचनागत विकासको परिणामस्वरूप नेपालले प्रमुख शहरहरू र बजार केन्द्रहरूमा प्रमुख कृषि जमिनको क्षति भोग्नु परेको छ। हाल कुल जमिनको २ प्रतिशत (३(२६मिलियन हेक्टर) गिरावट गरिएको छ जसमा ३६ प्रतिशत, दायरा क्षेत्रको ३७ प्रतिशत र कृषि जमिनको १० प्रतिशत सामेल छ।

अनुमानले देखाउँदछ कि नेपालमा प्रतिवर्ष करिब १०(२०० टन माटो र हेक्टर र जमिन हराइन्छ। पछिल्लो कृषिसेन्सस (२०११) को अनुमासम्म सेन्ट्रल ब्युरो अफ स्टेटिष्टिक ब्युरो २०१ सम्ममा कृषि भूमि क्षेत्रको उपलब्धता प्रतिशत (१२८,००० हेक्टर) घटेको देखाउँछ। थप रूपमा, कृषि जग्गाको गिरावट कृषि उत्पादकत्व र अन्तर्राष्ट्रिय खाद्य सुरक्षालाई असर गर्ने एक प्रमुख समस्या हो। जनसंख्या वृद्धि, ग्रामीण गरीबी, र वैकल्पिक आजीविका विकल्पको अभावले किसानहरूलाई बालीनालीको जमिन खेती गर्न बाध्य पारेको छ, वन क्षेत्र अतिक्रमण गर्ने, पशुधनको अत्यधिक ओगटेन, र घाटा बायोमासको परिणामस्वरूप लगातार भूमि पतन हुन्छ। माटोको क्षति र भूमिगत क्षति अनुपयुक्त जमिन प्रयोगको परिणामस्वरूप भूमि बिग्रेको मुख्य कारण हो खासगरी पहाड र हिमाली क्षेत्रहरूमा। यसबाहेक, जमिन खस्कन र उर्वरा जमिनको क्षति नदीपार कटौती, बाढी, अवसादन र पानीको कटौतीले पछाडि पार गरेको छ।

दुर्गम किसानहरूको क्षेत्रको फोहोरिस्टिक बहु(अनुशासनिक समस्याहरूको सट्टा शहरी केन्द्रहरूमा काम गर्ने प्रोत्साहनका साथ अनुशासनात्मक खोज, जहाँ खाद्यान्न असुरक्षा र गरीबी बढी छ। वर्तमान अनुसन्धान र विकास संस्थागत ढाँचाले शैक्षिक संस्थाको भूमिकालाई पर्याप्त ध्यान दिएन र गैर(राज्य( संगठित संगठन एनएसहरू जसमा निजी र समुदाय आधारित संगठनहरू (सहकारी, किसान र प्रयोगकर्ता समूह, युवा क्लबहरू आदि) कृषि अनुसन्धान र विकास गतिविधिहरू र समर्थन सेवाहरूको प्रावधान र प्रावधानमा सामेल छन्।

संघीयता र विकेन्द्रीकृत शासन प्रणालीको चौथो प्रसगमा उपलब्ध आर एण्ड डी फ्रेमवर्क र संरचनाले कृषकको बिभिन्न सामाजिक वर्गमा कृषि प्रविधि र कृषि सूचनाको पर्याप्त र समान पहुँच पुर्याउन पूर्ण रूपान्तरण गर्न सकेको छैन। कृषि सांस्कृतिक अनुसन्धान र विकासको न्यून प्रशासनका कारण नेपालले कृषि अनुसन्धान र विकास, संस्था, सडक नेटवर्क र बजार पूर्वाधार संरचनागत विकासमा पर्याप्त लगानीको अभाव छ। कम लागत, आधारभूत पूर्वाधार, र बढ्दो इनपुट प्राइजले उत्पादनमूलक प्रविधि र अभ्यासहरू अपनाउने उत्पादन मुनाफा र कृषि आय घटाएको छ, र उत्पादन सिर्जना बढाउँदै उत्पादन लागत बढ्दो छ।

कृषिमा सरकारको पहल

विगतमा कृषि क्षेत्रको खराब प्रदर्शनको बाबजुद पनि पछिल्ला सरकारहरूले उच्च मूल्यका कृषि नेपाललाई बढावा दिइरहेका छन्। सरकारले अदुवा, कफी, अलैंची, चिया, ताजा तरकारीहरू, फलफूल, कट फूल, मह र दाललाई निर्यात प्रवर्द्धनका लागि उच्च मूल्य प्राथमिकता बालीको रूपमा चिनाएको छ र विभिन्न नीति तथा रणनीतिहरू बनाएको छ। विगत केही दशकहरूमा उच्च मूल्य नगदी बाली तुलनात्मक रूपमा राम्रो गरिरहेको थियो। उदाहरणका लागि नेपाल देश मूल्यांकन रिपोर्ट एसियाली विकास बैंक (एडीबी) (२००) को नेपालले खुलासा गर्यो कि अनाज बालीको हिस्सा ४१% बाट घटेर ३६% पुगेको छ भने पनि उच्च मूल्यको कृषि बाली १७% बाट २१% सम्म बढेको छ।सबै तहको सरकारको लक्ष्य नेपालमा आधुनिकीकरण, औद्योगीकरण, व्यावसायिकरण, दिगो र आत्मनिर्भर कृषि क्षेत्र हो।यस नीति भित्र, उच्च मूल्य व्यावसायिक कृषि प्राथमिकता भयो।

नेपालीहरूले कृषिलाई पेशाको रूपमा विकास गरेर सम्पूर्ण देशको, यो कोरोना कहरको समयलाई विशेष प्रयोगात्मक हिसाबले टालन सक्छौं। त्यसैले लकडाउन नेपाल र नेपालीको ठूलो अवसर सावित हुन सक्छ। लकडाउनको समय कृषिमा जोड दिएर नेपाललाई कृषिमा आत्मनिर्भर गर्न सकिन्छ र प्रवास गएका युवाहरू सामु , हामी आफ्नो देशमा बसेर आफ्नो र देशको भविष्य उज्यालो पार्न सक्छौं भन्ने सन्देश दिनसक्छौं।

*(लेखक कानुनका विधार्थी हुन् ।)*
*हुलाकीन्यूजबाट साभार*

# परतन्त्र मधेशभित्र अपहरणको खेल



**सूर्यदेव यादव**

मधेशीयों, आओ फिरसे दियाजलाएँ
आनेवाले कल, फिर न गल्ती दोहोराएँ-२

निश्चय पनि "नैतिकताको विनाको राजसत्ता र सामाजिक न्यायसहितको समानताविनाको संविधान कदापि देश र जनताको हितमा हुन्न", यो छल प्रपंच सहितको भ्रम हो जसमा देशलाई फेरि प्रतिगमनतिर धकेलिने सम्भावना रहिरहन्छ, जसको एउटा दृष्य कोरोना भाइरस (कोभिड-१९) जस्ता महामारीको बेलामा पनि सरकार प्रमुखबाट द्रूतगतिमा अध्यादेश प्रमाणिकरण र सांसद अपहरण हुनु एउटा अंश हो भन्ने सबैले बुझ्नुपर्दछ।

यसरी नै नयाँ वर्ष २०७७ को आगमन सँगसँगै शुभकामना आदानप्रदानको बेलामा राज्य सञ्चालकद्वारा राजनीतिकलाई अपराधिकरणसँग जोडेर सांसद डा. सुरेन्द्र यादवलाई अपहरण गरि होटेलमा पुऱ्याउनु, लोकतान्त्रिक व्यवस्थालाई उपहास गर्नु हो, अर्कोतिर दुःखद महामारीको बेलामा मधेशवादी नेताहरूद्वारा महोत्तरीमा राँके जुलुस निकालेर जनतालाई सडकमा उतार्नु, दुषसाहसको पहिचान हो भन्ने आमजनताले बुझ्नुपर्दछ, जुन जीवनजगतको लागि क्षाम्य हुन सकिन्न।

सम्झिनुपर्ने त के हो भने २०४८ सालदेखि नै सांसद अपहरण, खरिद विक्री प्रकरण जस्ता गतिविधिहरू दर्जनौं चोटी हुँदै आइरहेका थिए र अहिले यो घटना निरन्तरता मात्र हो, जसलाई नौलो भन्न सकिदैन। परन्तु हाल प्रतिनिधिसभामा प्रतिनिधित्व गर्दै आएका मुख्य पात्रहरूका लागि सामान्य जस्तै होला भन्ने आमजनताको बुझाई रहेको छ। खास गरेर यो घटनालाई मधेशी जनताले बढी महत्व दिनु फगत हुन्छ, किनकि फर्सीमाथि चुलेसी खस्नु वा चुलेसीमाथि फर्सी, अन्ततः हत्या त फर्सीकै हुन्छ। यसरी नै मधेशवादी नेताहरूले जुनसुकै घटनाक्रममा मधेशी जनतालाई नै हतियार बनाउने काम गरिरहेका छन्, जसमा मधेशी जनताकै हत्या भइरहेको देखियो, जुन आजको दिनमा कदापि सहन गर्न सकिन्न।

नेपाली शासकबीच घतलाग्दो इतिहास त के छ भने २०४६ सालको पहिलो जनआन्दोलनपश्चात स्व. गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा शासन सत्ता रहेको बेला तत्कालिन नेकपा एमालेका सांसदहरूद्वारा ५७ दिनसम्म सदन अवरूध गरियो, त्यसको केही समयमै एमाले सांसद गोल्छे सार्कीले तत्कालिन सभामुख रामचन्द्र पौडेलमाथि जुता प्रहार गरेको इतिहास आज पनि सम्झिनुपर्दछ। तत्पश्चात नेपाली कांग्रेशभित्र ३६ र ७४ को जन्म सुरू भयो, परिणामश्वरूप गिरिजा प्रसाद कोइरालाले मध्यावधि निर्वाचन गर्न बाध्य भए। मध्यावधि चुनावी परिणाम पश्चात नेकपा एमालेको अल्पमतको सरकार बन्यो, जसमा सांसद खरिद विक्री प्रकरण, सरकार गिराउने-बनाउने खेल भइरहे। यसरी नै सरकार बनाउने, भत्काउने क्रममा खोभारी राय यादव जस्ता ६ जना मधेशी सांसदहरूलाई बन्धक बनाई १८ करोडको खेल सुरूवात भएको दृश्य कमरेडहरूको मानसपटलमा कायमै हुनुपर्दछ। त्यतिमात्रै नभई होटल-होटलमा सांसदहरूलाई बन्दी बनाई सुरा-सुन्दरीबीचको खेल भइरहयो। यी र यस्ता खेलहरू आजको प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने माननीय सांसदहरूको मानसपटलमा ताजै हुनुपर्छ। अब प्रश्न छ-...... यी खेलहरू देश र जनताको लागि अभिशाप हो या वरदान ? विचारा मधेशवादी नेताहरू ! मधेशी जनताबीच सपना बाड्ने काम मात्र गरिरहेका छन्, जुन जीवन जगतको लागि आजसम्म कुनै परिवर्तन दिनसकेको छैन।

यदपी, यत्रो अपहरण प्रक्रिया भइरहँदा पनि प्रशासनिक निकायमा आफ्नो मुद्धासम्म दर्ता गराउन नसक्नु, यो भन्दा हास्यस्पद अरू के होला त ? यस्ता मधेशी नेताहरूबाट मधेशी मुक्तिको आशा गर्न सकिएला त ? स्मरणीय रहोस्- "मानवताविनाको राजनीति र इमान्दारीताविनाको नेताहरूमाथि विश्वास गर्नु जीवन जगतको लागि भूल हुनेछ जुन दृश्य डरलाग्दो महामारीको बेला संघिय सरकारदेखि स्थानियस्तरको वडासम्ममा राहत वितरण गर्ने क्रममा प्रत्यक्ष रूपले देख्न सकिन्छ, किनकि "उपनिवेशीक राज्यसत्ताअन्तर्गत बाँचिरहेका जनता, जसको आफ्नो पहिचान छैन, न आफ्नो सामर्थ्य छ, न आफ्नो सेना, प्रहरी प्रशासन छन्", यस्तो परिस्थितिमा परतन्त्र मधेशमाथि अपहरणको खेल हुनु स्वभाविक नै हो भन्ने सबैले बुझ्नु पर्याछ। पथ देखो पथिक नही।

# वीरगञ्ज कोरोनाको हटस्पट बन्दैछ

वीरगन्जमा अझ बढी संक्रमितहरू फेला पर्ने सम्भावना छन् । जसरी एउटै परिवारका १७ जनामा संक्रमित भेटिएका छन्, त्यस्ता त हजारौं परिवार छन् त्यो क्षेत्रमा । सबै परिवारको जाँच गर्न सुरू गरियो भने कति संक्रमितहरू फेला पर्छन् भन्न सकिँदैन । अहिले पर्याप्त मात्रामा जाँच नै भएको छैन ।



## विजयकुमार सरावगी

**मेयर, वीरगन्ज महानगरपालिका, पर्सा**

**० कोरोना महामारीको उच्च जोखिममा वीरगन्ज महानगर रहेको छ । एकैदिन १७ जना संक्रमित फेला परेका छन् । महानगर के गर्दैछ ?**

– निश्चितरूपमा वीरगन्ज महानगर कोरोना भाइरस (कोभिड-१९)को उच्च जोखिममा रहेको छ । हामीले गर्ने दुईटा मात्रै काम हो, लकडाउन पालना गराउने, इलाका सिल गर्ने हो । कोरोना संक्रमितलाई ट्रेसिङ गर्ने कि उसको सम्पर्कमा अझ कति व्यक्ति आएका छन् । त्योअनुसारको पीसीआर व्यवस्थापन गरेर टेष्ट गर्ने, थप संक्रमित छ कि छैन भन्ने जाँच गर्ने हाम्रो काम हो । त्यसका लागि वीरगन्जलाई एकदमै कडाईका साथ बन्द गरिएको छ । जुन इलाकामा संक्रमित फेला परेका छन्, त्यसलाई सिल गरिएको छ । पीसीआर टेष्ट किटहरू पनि करिब ९०० वटा व्यवस्थापन भइसकेको छ । हामीले प्रभावित इलाकामा कमसेकम एउटा परिवारको एक जनालाई पनि टेष्ट गर्न सकियो भने त्यो परिवार संक्रमित छ कि छैन भन्ने अन्दाज लगाउन सकिन्छ । हामीसँग बढी टेष्ट गर्ने किट छैन, यदि ४-५ हजार किट भएको भए बढीभन्दा बढीको जाँच गर्न सकिन्थ्यो । सीमित किटबाट नै बढीभन्दा बढी काम गर्ने हो । त्यहीअनुसार हामी अगाडि बढ्दैछौं ।

**० वीरगन्जमा यसभन्दा पहिला पनि संक्रमितहरू फेला परिसकेका छन्, अहिलेसम्म कतिको पीसीआर टेष्ट गरिसक्नुभयो ?**

– हेर्नुस्, प्रदेश २ भरि नै जम्मा ८-९ सय जति मात्रै पीसीआर टेष्ट भएको होला । त्यही हिसाबले वीरगन्जमा धेरै गर्न सकिएको छैन । जहा-जहा आवश्यक पर्‍यो, जति किट उपलब्ध भयो त्यहीअनुसार टेष्ट भएका छन् । अहिले पर्याप्त मात्रामा देशमै किट उपलब्ध छैन । विस्तारै संघीय सरकारले व्यवस्थापन गर्दैछ । जसरी-जसरी व्यवस्था हुँदै जान्छ किटहरू, त्यही हिसावले वीरगन्जमा हामी कामको गति बढाउँछौं । तर, एउटै डर के छ भने यो बीचमा बाहिर नआएका संक्रमितले कतिलाई संक्रमित बनाउँछन् त्यो एउटा ठूलो चुनौतीको विषय छ । अहिले लकडाउनको अवस्थामा सबै घरमा त बसिरहेका छन्, तर भौतिक दूरी कतिको कायम गरेका छन् कि छैन यसको कुनै व्यवस्थापन छैन । कोरोना रोकथाममा जनताले नै साथ दिन्छन् भने मात्र सम्भव हुन्छ । हामी घरभित्र हुँदा पनि भौतिक दूरी कायम गर्नैपर्छ । घरका कुनै सदस्य यदि घरबाहिर गएका छन् भने उसले पनि बाहिरबाट कोरोना ल्याउन सक्छन् । जसजसले भौतिक दूरी कायम गरेका छन्, त्यहाँ समस्या हुँदैन । तर, भौतिक दूरी कायम गरिएन भने धेरै हदसम्म कोरोना फैलिने डर छ ।

**० नेपालकै मुख्य व्यापारिक नाकाको रूपमा वीरगन्ज रहेको छ, त्यस हिसाबले पनि उच्च जोखिममा रहेको देखिन्छ । त्यहीं हिसावको व्यवस्थापन किन भएन त ?**

**– महानगरपालिकाको तर्फबाट गरिनुपर्ने हरेक पूर्वतयारी वा सतर्कता हामीले गरिसकेका छौं । हाम्रो क्षमता र स्रोतसाधनले भ्याएसम्म हामीले गरेकै छौं । जुन कुरा हाम्रो क्षमताभित्र छैन त्यो गर्न सकिएको छैन । देशमै महामारी फैलियो भने त्यसको जिम्मेवारी संघ सरकारले लिनुपर्छ । यो त विश्वभरि फैलिएको महामारी हो । यसमा नेपाल सरकारले सुरूदेखि चनाखो भएर कामहरू अगाडि बढाएको भए यस्तो अवस्था आउने थिएन । नेपालको ५० प्रतिशत आपूर्ति व्यवस्थापन वीरगन्ज नाकाबाटै हुन्छ । अहिले पनि हाम्रा तीनटै भन्सार चालू छ । हामीले गाडीहरूलाई जाँच गरेर नै पठाइरहेका छौं । जबसम्म पीसीआर टेष्ट हुँदैन तबसम्म कोरोनाका ८० प्रतिशत लक्षण थाहा हुँदैन । स्थानीय सरकारले लोकल क्वारेन्टाइनको व्यवस्थापन गरेको छ । तर, संघीय सरकारले जुन गर्नुपर्ने काम छ त्यो राम्ररी भइरहेको छैन ।** हामीसँग अहिलेसम्म जम्मा ९ सय किट मात्रै छ, यो किटको संख्या बढाएर कमसेकम ५ हजार पुर्‍याउनुपर्ने हो । अत्याधिक प्रभावित क्षेत्रहरू वीरगन्ज र नेपालगन्जमा कमसेकम ५ हजार किटको व्यवस्थापन गराइदियो भने मात्र नेपाल कोरोनाको उच्च जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ । नत्र वीरगन्ज र नेपालगन्ज भोलीको दिनमा कोरोनाको ट्रान्जिट प्वाइन्ट बन्ने खतरा छ ।

**० तपाईंहरूलाई चाहिने जति किटको माग संघीय सरकारसँग गर्नुभएको छैन ?**

**– हामी करिब एक हप्ता अघि नै लेखेर संघीय सरकारलाई पठाइदिएका छौं । हामीले संघीय सरकारलाई जानकारी गराउँदा पनि रिस्पोन्स आइरहेको छैन । हामी सम्बन्धित सचिव, मन्त्रीलाई पनि ह्वाट्सअपमार्फत् पठाइदिएका छौं । तर उहाँहरूले यसको व्यवस्थापनको त कुरा परै जाओस् कुनै जवाफ नै दिनुभएको छैन । महानगरको स्रोतसाधन भ्याएअनुसार सबै काम गरिरहेका छौं, यति मात्रै पर्याप्त होइन ।**

**० प्रदेश २ को सरकारले कतिको सक्रियता देखाएको छ ?**

**– प्रदेश सरकारले सिधै वीरगन्ज महानगरसँग कुनै किसिमको सहकार्य गरेको छैन । प्रदेश सरकारले सुरूमा राहतका लागि २५ लाख रूपैयाँ पठाएको थियो । त्यसमा करिब दुई करोड ७५ लाख थपेरै हामीले राहत बाँडिसकेका छौं । फेरि प्रदेश सरकार आफैले राहत बाँड्ने भनेर सूचनाहरू आएका छन् । तर, यस विषयमा प्रदेश सरकारले गरिरहेको छ, के गर्न खोजिरहेको छ हामीलाई केही पनि जानकारी दिएको छैन ।**

**० वीरगन्जका एकै परिवारका १७ जनामा जसरी कोरोना संक्रमण देखियो, भनेपछि नेपालमा अब कोरोना समुदायस्तरमा प्रवेश गरिसकेको हो ?**

**– नेपालमा समुदायस्तरमा कोरोना प्रवेश गरिसक्यो भने धेरै जोखिमको कुरा हो । अहिले जसरी एक परिवारका १७ जनामा कोरोना देखिएका छन्, राम्ररी जाँच गरियो भने यस्ता धेरै कोरोना संक्रमितहरू फेला पर्ने सम्भावना छ । त्यसकारणले बढीभन्दा बढी पीसीआर टेष्ट होस् भन्ने हामी चाहेका छौं ।**

**० संक्रमित व्यक्तिहरूको सम्पर्कमा अहिलेसम्म कति जना आएका छन् भन्ने कुराको ट्रेसिङ्ग भयो त ?**

**– हामीले नेपाली सेना, जनपद प्रहरी लगायत हाम्रा पनि सहकर्मी टीमहरूले ए, बी र सी गरेर तीनवटा समूह बनाएका छौं । हाम्रो समूहले सबैलाई ट्रेसिङ्ग गरिरहेका छौं । हामीसँग किट भएर पनि हुँदैन । अहिलेसम्म जाँच गर्ने क्षमता एक दिन तीन सय मात्रै छ । यो क्षमतालाई पनि बढाएर पाँच हजारसम्म पुर्‍याउनुपर्छ ।**

**० वीरगन्जमा अझ बढी संक्रमितहरू फेला पर्ने सम्भावना छन् ?**

**– वीरगन्जमा अझ बढी संक्रमितहरू फेला पर्ने सम्भावना छन् । जसरी एउटै परिवारका १७ जनामा संक्रमित भेटिएका छन्, त्यस्ता त हजारौं परिवार छन् त्यो क्षेत्रमा । सबै परिवारको जाँच गर्न सुरू गरियो भने कति संक्रमितहरू फेला पर्छन् भन्न सकिँदैन । अहिले पर्याप्त मात्रामा जाँच नै भएको छैन ।**

**० यस्तो अवस्थामा कोरोना रोकथामका लागि कस्तो रणनीति बनाउँदै हुनुहुन्छ ?**

**– जुन ठाउँमा बढी समस्या देखिएका छन्, त्यो क्षेत्रलाई सिल गर्ने, आवतजावत पूरै बन्देज लगाउने, घरमै बस्दा भौतिक दूरी कायम गरेर बस्नु नै एक मात्र रणनीति हो । अब हामी मानसिकरूपले सेल्फ क्वारेन्टाइनमा बस्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । अर्को कुरा हामीले** बढीभन्दा बढी टेष्ट गर्नुपर्ने छ । त्यो टेष्टबाट जुन किसिमका परिणामहरू आउँछन्, त्यसका लागि अस्पतालहरू चाहियो । नारायणी अपस्ताललाई अहिले हामी कोभिड अस्पताल बनाइदिएका छौं, त्यो ठूलो गल्ती हामीसँग भएको छ ।

**० विश्वका सुपर पावर भनिने राष्ट्रहरूले कोरोनालाई नियन्त्रण गर्न सकेको छैन, हजारौंको संख्यामा मृत्यु भएका छन् । त्यो हिसावमा नेपालले ठूलै उपलब्धि हासिल गरेको, कोरोनालाई सरकारले नियन्त्रणमा राखेको भन्ने जस्ता दाबीहरू पनि गरिँदैछ । यसमा के भन्नुहुन्छ ?**

**– हाहाहा.. (हाँस्दै) यस्तो दाबीलाई म खोकला दाबी भन्छु । नेपालीहरूको आफ्नै** इम्युनिटी पावर बढी भएकोले बढी समस्या देखिएको छैन । तर, कोरोनाले वृद्धवृद्धा, बच्चाहरूमा लाग्न सुरू हुन्छ तब यस्ता दाबीहरू हावामा जान्छ । यहाँ कोही मरेन भनेर हामी खुशी हुने बेला छैन अहिले । हामी कोरोना रोकथाममा लाग्नुपर्‍यो, व्यवस्थापनमा लाग्नुपर्‍यो । अहिलेसम्म नेपालमा कोरोनाले त मरेन तर कोरोनाका कारण जेनरल अस्पताललाई कोभिड अस्पताल बनाइएको छ । ३ जना मान्छे डाइग्नोसिस नपाएर मरिसकेका छन् । यो बहुत दुखद् कुरा हो । नेपालमा कोरोनाबाट त कोही मरेन तर डाइग्नोसिस नभएर मर्नु ठूलो कुरा हो । यो कुरालाई सरकारले कति गम्भीरताका साथ लिएको छ कि छैन हामीलाई थाहा छैन ।

# डा.सुरेन्द्र यादव आफ्नै पार्टीभित्र राजनीतिक खिचातानीको शिकार भए



## महेश बस्नेत

**सांसद, नेपाल कम्युनिष्ट पार्टी**

यो समग्र प्रक्रियालाई हेर्दा न हामीले उहाँलाई कुनै ललिपप दिएका छौं, न कुनै दबाव दिएका छौं । बरू उहाँहरूले छिटो-छिटो मन्त्रीको प्रतिबद्धता खोज्नुभयो । जब आङ्काजीहरूको समूह आएर उहाँलाई बाबुरामजीको घरमा लग्नुहुन्छ त्यसपछि विषयवस्तु ट्विस्ट गर्ने र अन्यतिर मोड्ने काम भएको छ । डा.सुरेन्द्र यादवलाई राजनीतिक खिचातानीको बलीको बोको उहाँहरूले बनाउनुभएको छ ।

**० अध्यादेश प्रकरणले नेकपामा ल्याएको विवाद टुंग्याउन सचिवालय बैठकले किन सकेन?**

**– अध्यादेशको प्रकरणलाई सैद्धान्तिक रूपले व्याख्या गर्दा संविधान निर्माणको दौरानमा हामीले संविधान निर्माणमा दलसम्बन्धी ऐनले प्रभाव नपरोस् भन्ने मनसायले अहिलेको संविधानमा व्यवस्था गरिएको छ । तर दलहरूभित्र निरंकुशता यति धेरै हावी भयो कि दलका अध्यक्ष र नेताहरूले पेल्ने हेप्ने अवस्था थियो । अहिले व्यावहारिकरूपमा सरकारले ल्याएको अध्यादेश मधेशकेन्द्रित अथवा स्वयम् नेकपा विभाजनको निम्ति आएको भन्ने कुरा केही केही परामर्श नभएको कारणले विवादमा रह्यो । तर त्यो तहमा विवाद ल्याउनुपर्ने परिस्थिति थिएन । त्यो विवादको निहुँ बनाएर नेकपाभित्र प्रधानमन्त्रीलाई फेर्ने तहसम्मको जुन योजनाहरू बने त्यो वास्तवमा विडम्बनापूर्ण थियो । सचिवालय बैठकसम्म आइपुग्दा पार्टी विभाजन नहोस् भन्नका लागि निकै धेरै मेहनत गरेर नेता कार्यकर्ताहरूले दबाब** दिनुभयो । त्यो दबाबका कारण सचिवालयका नेताहरू एक ठाउँमा उभिनुभयो र नेकपाभित्रको अन्तरविरोध, अन्तरद्वन्द्व र समस्याहरू समाधान भएका छन् । अब स्थायी समितिको बैठक बसिसकेपछि यी सबै कुरा समाधान भएर जान्छ ।

**० भनेपछि तत्कालका लागि नेकपाभित्रका विवाद साम्य भए ?**

**– मनको लड्डु घ्यूसित खाने पनि हुन्छ । मनमा लागेका सबै कुराहरू कहाँ पूरा हुन्छ र । कसैलाई इच्छा भए पार्टी फोड्ने, प्रधानमन्त्री बन्ने, अध्यक्ष बन्ने भन्ने स्थिति त हामी देख्दैनौं । त्यो खालको वस्तुगत स्थिति हुँदै होइन । किनभने मुलुक कोरोनाको संक्रमण कहरबाट उन्मुक्ति खोजिरहेको बेलामा सरकारले यति प्रभावकारी काम गरेर कोरोनालाई नियन्त्रणमा राखिरहेको सन्दर्भमा त्यो खालका गतिविधिहरू न जनताका निम्ति पाच्य हुन्छ र न बुद्धिजीवी वा जनताको लागि पाच्य हुनसक्छ । त्यो मानेमा ती कुराहरू बेठिक थियो । जे भएपनि हामीभित्र जनवादी अभ्यासको कुरा के हो भने अहिलेको समयमा** नेतृत्वले बुद्धिम्तापूर्वक निर्णय गरेको छ र पार्टीलाई बचाएको छ । यो कुरा नेकपाको विशेषता हो । यसले गर्दा आम नेता कार्यकर्तामा एक किसिमको खुशीको लहर पनि छाएको छ ।

**० सचिवालय बैठकका मुख्य निर्णयहरू के-के हुन् ?**

**– सचिवालयको बैठकले सरकार सञ्चालनमा देखिएका कमी कमजोरीहरूलाई आत्मसमीक्षा गरेको छ । पार्टी एकतापछि दुई वर्षमा देखिएका कमी कमजोरीहरूको पनि आत्मसमीक्षा गरेको छ । यसमा सम्बन्धित नेतृत्वले आवश्यकताअनुसार आत्मालोचना पनि गरेका छन् । त्यो आत्मालोचना दुवै अध्यक्ष र सचिवालयका सदस्यहरू तहसम्म पनि भएको छ । त्यसैगरी समकालीन नेतृत्वमा वामदेव गौतमलाई उचित जिम्मेवारी नभइरहेको र गत निर्वाचनमा उहाँ पराजित भइसकेको अवस्थामा उहाँलाई पार्टीभित्रैका साथीहरूले हराएको सन्दर्भमा उहाँलाई प्रतिनिधिसभाको सदस्यको रूपमा निर्वाचनमा लडाउने र जिताउने भन्ने खालको निर्णय भएको छ । स्थायी समितिको बैठकबाट पार्टी एकताको गुणात्मक अवधारणासहित लिएर आउने निर्णय भएको छ । यसले एउटा ठोस रूप ग्रहण गरिसकेपछि नेकपाभित्रको अन्तरविरोध समाधान मात्रै हुने होइन कि अब नेकपा एकताबद्ध हुने, मुलुकको समृद्धिको नेतृत्व गर्ने र नेकपाको कोर्ष नै परिवर्तन हुन्छ । अब नेकपा महाधिवेशनको प्रक्रियामा जानुपर्छ । नेकपाले त्यो ढंगको एजेन्डा बनाएर हाम्रा सबै कमिटीहरूलाई रिफ्रेस गर्ने मोडलमा जानुपर्छ ।**

**० उपाध्यक्ष वामदेव गौतमलाई प्रतिनिधिसभामा ल्याउने भनिएको छ, कसरी सम्भव छ ?**

**– उपयुक्त समयमा उपाध्यक्ष वामदेव गौतमलाई प्रतिनिधिसभा सदस्य बनाउने गरी पहल अघि बढाउने निर्णय गरेको छ । त्यो निर्णयले ठोस आकार ग्रहण गर्नका निमित्त नेताहरू बस्नु हुन्छ र निश्चित निर्वाचन क्षेत्रहरूमध्येमा सबभन्दा उपयुक्त निर्वाचन कुन हुन्छ त्यसमा सम्बन्धित सांसदसँग पनि** परामर्श हुन्छ । पार्टीले त्यो योजना बनाएर निर्णय गर्छ र उहाँलाई निर्वाचनको माध्यमबाट निर्वाचित गराएर प्रतिनिधिसभा सदस्यको रूपमा आउने वातावरण बनाउँछ ।

**० निर्वाचनमार्फत उहाँलाई सांसद बनाउने भन्ने जुन कुरा छ, उहाँ निर्वाचनमा जित्नु नै हुन्छ भन्न सकिन्छ त ?**

**– चुनावमा जनताको मत हाल्ने सार्वभौम अधिकारलाई हामीले यो वा त्यो भनेर व्याख्या गर्न मिल्दैन । तर सामान्यतया यो मुलुकका निम्ति वामदेव गौतमले खेल्नुभएको भूमिका र नेपाल कम्युनिष्ट पार्टीको संगठनात्मक संरचना र सबै तहमा रहेका उहाँका लोकप्रियताको हिसावले नेकपाले जित्ने प्रशस्त आधारहरू छन् । उहाँले चुनाव लड्ने खालको परिस्थिति बनिसक्दा पार्टीले यी सबै विशिष्टताहरूलाई ध्यान दिएर समेत उहाँलाई जीतको सुनिश्चित हुने ठाउँमा उम्मेदवार बनाउँछ । यो कुरामा समस्या आउँदैन ।**

**० उहाँ एकचोटि जनताबाट पराजित भइसक्नुभएको छ, जसरी पनि उहाँलाई प्रतिनिधिसभामा ल्याउने निर्णय जनादेश विपरीत हुँदैन र ?**

**– राष्ट्रियसभामा उहाँलाई ल्याउने निर्णय पार्टीले गर्‍यो तर पार्टीको कोटामा निर्वाचन हुने प्रक्रियामा उहाँ भाग लिनुभएन । पछि मन्त्रिपरिषद्ले विज्ञ समूहमा मनोनित गर्ने दाबी रह्यो । पार्टीले दिएको निर्देशन नै अलिकति अप्राकृतिक थियो । पार्टीको सचिवालय बैठकले त्यो कुरालाई महसुस गरेर अब उहाँलाई प्रतिनिधिसभाबाट ल्याउनुपर्छ र नेकपाले भोली आवश्यकता पर्‍यो भने प्रधानमन्त्री बनाउने तहसम्मको सोच बनाएर ल्याउनुपर्छ भन्ने हिसावले निर्णय भएको छ । बर्दियाको निर्वाचनमा उहाँ ४००-५०० मतबाट मात्र पराजित हुनुभएको छ । यति थोरै मतले पराजित हुँदा जनमतले एकदम अपमान गरेको, जनताले अस्वीकार गरेको भन्ने कुरा हुँदैन । यसले गर्दा लोकतन्त्रको परिभाषा एकांकी र स्वार्थपूर्ण हुन्छ । त्यसो भएको हुनाले पार्टीले आवश्यकता महसुस** गरेको हुनाले अन्य माननीय सदस्यहरूले पनि सहयोग गर्ने ठाउँमा पुग्नुपर्छ । उहाँलाई जिताउनका लागि हामी सबै लाग्नुपर्छ ।

**० वामदेव गौतमलाई प्रतिनिधिसभामा ल्याउनुको एकमात्र उद्देश्य प्रधानमन्त्री बन्न बाटो खोल्नु हो । भनेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पाँचवर्षे कार्यकाल पूरा नगर्ने जस्तो देखियो नि ?**

**– मूलभूतरूपमा प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पाँच वर्षको कार्यकाल पूरा गर्नुहुन्छ । तर कहिलेकाँही समझदारीपूर्वक ढंगले नेतृत्वले कतिपय नेतामाथि न्यायपूर्वक कार्य गर्नुपर्छ । वामदेव गौतमलाई न्याय गर्नका लागि पार्टीले महसुस गर्‍यो भने एउटा निश्चित अवधिका लागि सरकारको नेतृत्व पनि दिन सक्छ । सचिवालय बैठकले विवेक पुर्‍याएर निर्णय गरेको छ ।**

**० तत्कालीन अवस्थामा एमाले र माओवादीबीच एकता हुँदा दुवै पार्टीका अध्यक्षबीच आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएको थियो । त्यो सहमति लागू हुन्छ कि हुँदैन ?**

**– पार्टी एकताभन्दा पहिला दुवै पार्टीमा दुवै अध्यक्षको आआफ्नो पार्टीमा निकै ठूलो पकड थियो । पार्टी एकता भइसकेपछि सिंगो कम्युनिष्ट आन्दोलनका निम्ति पार्टीलाई एकताबद्ध बनाउनुभयो । यति भइसकेपछि अब पार्टीका हरेक कार्यक्रम, निर्णयहरू दुइटै अध्यक्षका सहमतिमा हुनुपर्छ भन्ने हाम्रो पार्टीको विधानको व्यवस्था हो । आजको परिवेशमा पार्टीलाई सर्वसहमतिको हिसावमा कतिपय नेताहरूको मूल्यांकन गर्न सक्छ । त्यस मानेमा वामदेव गौतमलाई प्रतिनिधिसभामा ल्याउने भएको निर्णय उहाँलाई पार्टीले महत्वपूर्ण जिम्मा दिनुपर्छ ।**

**० वरिष्ठ नेता माधव नेपाल समूहले नेकपाभित्र एक व्यक्ति एक पदको कुरा उठाइरहेको छ, यो सम्भव छ ?**

**– एमाले र माओवादीबीच एकता भइसकेपछि एक व्यक्ति र एक पदको कुरा सम्भव देखिँदैन । किनभने पूर्वमाओवादीका साथीहरूभित्र नै सम्भव देखिँदैन । पूर्वमाओवादीका साथीहरू प्रदेश कमिटीमा पनि हुनुहुन्छ, जिल्ला कमिटीमा पनि** हुनुहुन्छ, नगर कमिटीमा पनि हुनुहुन्छ । पूर्वमाओवादीका एउटा व्यक्ति तीन चार वटा कमिटीमा हुनुहुन्छ । एक व्यक्ति एक पद सैद्धान्तिकरूपमा ठिक हो, नीतिगतरूपमा सम्बोधन गरेर जान सकिन्छ । तर त्यो कुरालाई आजको दिनमा व्यवहारतः लागू गर्न कठिनाई छ । प्रधानमन्त्रीलाई हेरेर यदि भनिएको हो भने त्यो विडम्बना हो । किनभने पार्टी अध्यक्ष नै संसदीय दलको नेता हुने प्रचलन छ, संसदीय दलको प्रमुख नै प्रधानमन्त्री हुने कुरा छ । त्यसकारणले प्रधानमन्त्रीलाई लक्षित गरेर यदि एक व्यक्ति एक पद भनिएको छ भने त्यसको औचित्य हुँदैन ।

**० तपाईंहरूले सांसद डा.सुरेन्द्र यादवलाई महोत्तरीबाट अपहरण गरेर काठमाडौं ल्याउनुभयो भन्ने आरोप छ नि ?**

**– अपहरणको सन्दर्भमा डा.बाबुराम भट्टराईजीले धेरै परिभाषा गरिदिनुभएको छ । दुईटा सांसदहरूको बीचमा भएका छलफलहरूलाई यो खालको घृणित खालले व्याख्या गर्ने र घृणित खेल गर्ने कुरा अर्कोतिर छ । उहाँकै पार्टीका प्रमुख सचेतक उमाशंकर अरगरियाको सल्लाह, प्रस्ताव र अनुरोधअनुसार हामी डा.सुरेन्द्र यादवको घरमा गएर उहाँसँग बसेर खाना खाएर सबै कुरा गरेर काठमाडौं आएका छौं । उहाँको घरपरिवारले उहाँलाई भावी मन्त्रीको रूपमा हेर्ने खालको अभिव्यक्ति दिएर आउनुभएको छ । यो समग्र प्रक्रियालाई हेर्दा न हामीले उहाँलाई कुनै ललिपप दिएका छौं, न कुनै दबाब दिएका छौं । बरू उहाँहरूले छिटो-छिटो मन्त्रीको प्रतिबद्धता खोज्नुभयो । जब आङ्काजीहरूको समूह आएर उहाँलाई बाबुरामजीको घरमा लग्नुहुन्छ त्यसपछि विषयवस्तु ट्विस्ट गर्ने र अन्यतिर मोड्ने काम भएको छ । डा.सुरेन्द्र यादवलाई राजनीतिक खिचातानीको बलीको बोको उहाँहरूले बनाउनुभएको छ । उहाँ हाम्रो पार्टीमा आवद्ध हुन चाहनुभएको थियो । त्यस मानेमा उहाँलाई पार्टीमा स्वागत गर्नु स्वाभाविकै थियो । हामीमाथि लागेको आरोपको समयले छिनोफानो गर्छ ।**

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# कपिलवस्तु सीमा क्षेत्रमा भारतबाट आएका २ सय नेपाली नागरिकको व्यवस्थापन कसले गर्ने ?

मणि प्रसाद गैह्रे

कपिलवस्तु । नेपाल-भारत सीमा क्षेत्र दशगजा क्षेत्र कपिलवस्तुको सीमावर्ती नाकाबाट मंगलबार मात्र २ सय सय बढी नेपाली नागरिक भारतबाट नेपाल आएका छन् । भारतमा कोरोना तीव्र रूपमा फैलिएसँगै नेपालका विभिन्न स्थानबाट भारतमा मजदुरी गर्न पुगेका सर्वसाधारण फर्केर नेपालतर्फ नियमित रूपमा आइरहेका छन् ।

भारतमा काम नपाउने कम्पनी बन्द हुने गरेपछि खान बस्न समस्या परेपछि अलपत्र परेपछि उनीहरू नेपाल फर्केका हुन् । भारत सरकारले सीमाबाट ती नेपालीलाई सहज रूपमा नेपाल छिर्न अनुमति दिएपछि अहिले उनीहरू कपिलवस्तुको सीमा क्षेत्र चाकरचौडा, मर्जादपुर, कृष्णनगर लगायतका नाकामा अलपत्र अवस्थामा छन् ।

उनीहरू नेपाल छिरे पनि उनीहरूलाई क्वारेनटाइनमा राख्ने अथवा कहाँ व्यवस्थापन गर्ने भन्ने विषयमा प्रशासन मौन रहेको बताइएको छ । रातिसम्म उनीहरूलाई व्यवस्थापन गर्न नसके जिल्लामा कोरोनाको संक्रमण फैलन सक्ने खतरा छ ।

उनीहरूले भारतबाट निर्बाध रूपमा नेपाल छिर्न अनुमति पाएको र नेपाल आएको बताएका छन् । उनीहरूका अनुसार भारतीय सिमा सुरक्षा बल (एसएसबी) ले आफूहरूलाई घर पठाइदिन सहयोग गरेको बताइएको छ ।

भारतको महाराष्ट्र, दिल्ली, उत्तर प्रदेशलगायतमा कोरोना तीव्र रूपमा फैलिएकाले उनीहरू नेपाल छिरेपछि निकै त्रास बढेको छ । कपिलवस्तु प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएपनि व्यवस्थापन कसरी गर्ने भन्ने अन्यौल छ ।

भारतबाट भोकैप्यासै सीमा नाकाबाट नेपाल छिरेका उनीहरूले आफुहरू विचल्लीमा परेको दुखेसो पोखेका छन् । धेरैदिनसम्म पेटभरी खान नपाएको, विष्कुट र चाउचाउको सहायताले बोर्डरसम्म आएको उनीहरू बताएका छन् । प्रशासनले पनि उनीहरूलाई क्वारेनटाइनमा राख्ने अथवा घर फर्काउने भन्नेबारे ठोस निर्णय लिइसकेको छैन् । विभिन्न नाकामा रहेका नेपालीहरू अलपत्र परेपछि गाउंमा छिर्दा कोरोनाको त्रास फैलने समस्यात्यस्तै भित्रिननदिा नेपालीनागरिक भौकै वस्न परेको वाध्यता रहेको यशोधरा गाउंपालिका वडा नं ७ का अध्यक्ष चन्द्र प्रकाश दुवेले बताए ।

स्थानीयका अनुसार उनीहरूलाई समयमा व्यवस्थित नगरेमा भागेर जाने खतरा रहेको बताएका छन् । अर्कोतर्फ खाना वस्न नपाउदा भोकमरी तथा रोकको संक्रमणबाट प्रभावित हुने देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी दिर्घनारायण पौडलले गृह मन्त्रालयले लग डाउनको समयमा कोहीलाई पनि नेपाल छिर्न नदिन परिपत्र आएको कारण नेपालमा सहज रूपमाल्याउने वातावरण नभएको बताए । तर पनि कसरी नेपाल वा भारतमा क्वारेन्टाइनमा व्यवस्थापन गर्ने बारेमा भारतिय सुरक्षाकर्मी र नेपालमा स्थानीय तहहरूसंग नियमित छलफल गरिरहेको उनले बताए ।

यता नेपाली कागे्रस कपिलवस्तुले सिमानाकामा अलपत्र परेका नेपाली नागरिकलाई स्थानीय प्रशासनले क्वारेन्टाइनमा राखेर व्यवस्थापन गर्न माग गरेको छ । पार्टी सभापति सुरेन्द्रराज आर्चायले नेपाल सरकरले पानी परेको समयमा भौकै सिमामा नेपाल र भारत जान नपाएर विचमा अलपत्र नागरिलाई तत्काल बास बस्न र खाने व्यवस्था मिलाउन माग गरेका छन् ।

भोकमरीबाट बचेपछि सरकारको नियमअनुसार कोरोनाको चेकजांच र क्वारेन्टाइन समय पुरा गरेपछि घर फकर्ने व्यवस्था गर्न आचार्यले तत्काल सरकारसँग माग गरेका छन् ।

# पर्यटनमन्त्री भट्टराईले लगातार आठ घण्टा सुने सासदको गुनासो

काठमाडौं । सँस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री योगेश भट्टराईले आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम तथा बजेटमा सम्बन्धमा प्रदेशगतरूपमा संघीय सांसदहरूसँग दुई दिन छलफल गरेका छन् । मन्त्री भट्टराईले बिहिवार र शुक्रवार गरी १५१ जना साँसदहरूको आगामी आ.वको नीति कार्यक्रम तथा बजेटको सम्बन्धमा सुझाव तथा सल्लाह लिएका हुन् । शुक्रवार विहान साढे १० बजे देखि बेलुका साढे ६ बजे सम्म आठ घण्टा मन्त्री भट्टराईले साँसदहरूको सुझाव तथा गुनासो सुनेका हुन् ।

शुक्रवार नेपाल कम्युनिष्ट पार्टी (नेकपा)बाट संघीय संसदमा प्रतिनिधित्व गर्ने बागमति प्रदेश, २ प्रदेश, गण्डकी प्रदेश र ५ न प्रदेशका साँसदहरूको सुझाव तथा राह लिएका छन भने विहिवार प्रदेश न १, सुदुरपश्चिम र कर्णाली प्रदेशका सांसदहरूसँग छलफल गरेको मन्त्रालयले जनाएको छ ।

शुक्रवार भएको छलफलमा नेकपाको सचेतक तथा साँसद देव गुरूङले कोराना कारण पर्यटन क्षेत्रमा सवै भन्दा बढी क्षति भएको भन्दै पर्यटन क्षेत्रलाई उद्योगको रूपमा विकास गरेर अघि बढन मन्त्री भट्टराईलाई सुझाव दिएका थिए सचेतक गुरूङले पर्यटनलाई स्थानीय उत्पादनसँग जोडदै आन्तरिक पर्यटय प्रबद्धनमा गर्न माग गरेका थिए ।

साँसद हरिवोल गजुरेलले कृषि,पर्यटन र उर्जा नै मूल आधार भएको बताउदै निजगढ विमानस्थले चाडो बनाउन माग गरे । साँसदहरूले विगतको परम्पराको अन्त्य गर्दै समानुपातिक, समावेशी र सन्तुलनका आधारमा बजेट वितरण गर्नुपर्नेमा विशेष जोड दिएका थिए । प्रदेश न ३ का साँसदरूको भाषा,कला,सँस्कृति धर्मको जगेर्ना गदै उपत्यकालाई पर्यटकिय तथा धार्मिक सर्किटको रूपमा विकाश गर्न माग गरेको छन । त्यस्तै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको बिकल्पको रूपमा निजगढ विमानस्थल बनाउन चाडो शुरू गर्नु आग्रह गरे ।

साँसदहरूले साना साना कार्यक्रम नल्याई एक निर्वाचन एक पर्यटन कार्यक्रम ल्याउन समेत माग गरेको छन् ।

मन्त्री भट्टराई छलफलले पर्यटन क्षेत्रमा राष्ट्रिय धारणा बनेको बताउदैं बिगतका कार्यक्रम यथावत राख्दै नयाँ कार्यक्रम आउने बताए ।

# कृषिलाई फ्रीजोन घोषणा गर्न फोर एच नेपालको माग

काठमाडौं । फोर एच नेपालद्वारा जारी गरिएको ध्यानाकर्षणपत्रमा कृषिक्षेत्रलाई फ्रिजोन घोषणा गर्न माग गरेको छ । कोरानाले नेपालको कृषि अर्थतन्त्रमानकारात्मकप्रभावपारेकाले तत्काले सरकारले कृषि राहतप्याकेज घोषणा गर्नु पर्नेमा जोड दिइएको छ । नै बुँदे ध्यानाकर्षणपत्रमा भनिएको छ, किसानले कोरोनाको कारण मल तथा बीउ खरिद गर्न र कृषिकार्य गर्न कठिनाइ भोगेकाले तत्काल किसानका लागि एकिकृत कृषिपासको व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गरिएको छ ।

कृषि उत्पादन घटेमा भोकमारी हुने र खाद्य संकटनिम्तिने भन्दै सबै कृषिवाली तथा पशुपञ्छी व्यवसायको सतप्रतिशत बीमा गर्न र उत्पादनलाई नेपाल सरकार आफैले खरिद गरी भण्डारण गर्न माग गरिएको छ । कोरोनाबाट किसानलाई सुरक्षित गर्न कृषि स्वास्थ्य क्लिनिकको स्थापनासँगै किसान तथा कृषि मजदुरको खेतवारी तथा कार्यस्थलमै नियमित स्वास्थ्य चेकजाँच गरिनु पर्ने उक्त ध्यानाकर्षणपत्रमा उल्लेख गरेको छ । कृषिजन्य वस्तु तथा खाद्यान्न ढुवानीमा राहतको माग गर्दै संलग्न मजुदर तथा कामदारलाई पीपीइ उपलब्ध नगराएकोले कोरोनाको जोखिम बढ्दै गएकोमा चिन्ता व्यक्त गरेको छ ।

साथै, ध्यानाकर्षणपत्रमा कृषि ऋणमा सहुलियत दिई ब्याज छुट दिन माग गरिएको छ । बेरोजगारलाई कृषि क्षेत्रमा परिचालन गरी मजदुरलाई उचित ज्याला दिइनु पर्ने र युवालाई कृषिमा सहभागी गराउन नयाँ आकर्षक कार्यक्रम ल्याउन भनिएको छ ।

नेपालमा कृषिमा आधारित ग्रामीण अर्थतन्त्र भएको उचित समयमा प्रभावकारी कदम नचाले कोभिड-१९ पछि समग्र अर्थतन्त्रमा नकारात्मक प्रभावपरी भोकमरीको ठूलो संकट निम्ताउने ठहर गरिएको छ ।

अहिले नेपालमा अन्नबाली भित्र्याउने तथा मल-बीउ राख्ने समय भएकाले सरकार यथासक्य प्रभावकारी कदम चाल्न सके यसले केही मात्रामा भएपनि कृषिमा राहत हुनेछ । कृषि उत्पादनलाई बढावा दिनमा मद्दत पुग्नेमा फोर एच नेपालले सरकारको ध्यानाकर्षण गरेको छ ।

फोर एच नेपालका अध्यक्ष लोकराज अवस्थीद्वारा हस्ताक्षरित उक्त ध्यानाकर्षणपत्रमा भनिएको छ, तत्कालिन तथा आगामी वर्षको बजेट तर्जुमा गर्दा कृषिमा आधारित योजना, कार्यक्रम तथा बजेट ल्याउन सके यसले दिगो रूपमा कृषिमा आत्मनिर्भरताको लागि उचित मार्गनिर्देसित गर्नेछ ।

र,नेपाल सरकारसँग कोरोनाबाट प्रभावित अर्थतन्त्र उकास्न, कृषि उत्पादन बढाउन, युवा बेरोजगारी नियन्त्रण गर्न र भविष्यमा हुने भोकमारी रोक्न तथा कृषि महंगी नियन्त्रण गर्नका लागि बेलैमा सही र प्रभावकारी कमद चाल्न आग्रह गर्दछ । र, कृषिविशेष उत्पदान क्षेत्र घोषणा गर्न पनि माग गरिएको छ ।

## समाना बन्द छ, भारतबाट नेपाल जाने प्रयास नगर्नू: नेपाली दूतावास

काठमाडौं । भारतको नयाँदिल्लीस्थित नेपाली दूतावासले कोरोना भाइरसको संक्रमण रोक्न लकाउन गरिएको अवस्थामा नेपाल जाने प्रयास नगर्न आग्रह गरेको छ । दूतावासले भारतमा रहेका नेपालीहरूलाई जो जहाँ भए पनि धैर्य गरेर बसिदिन अपिल गरेको हो । 'भारतमा आई यतै रोकिनुभएका नेपालीहरू जहाँ जस्तो अवस्थामा हुनुहुन्छ, धैर्यताका साथ बसिदिनु होला', दूतावासले भनेको छ, 'सीमा नाका बन्द रहेकाले कसैको भ्रामक सूचनाको पछि नलगाी नेपाल जाने प्रयास नगर्नू होला ।' दूतावासले भारतमा रहँदा नेपालीहरूले भोगिरहेका समस्याहरूसँग जानकार रहेको पनि उल्लेख गरेको छ । 'भारतमा रहेका नेपालीहरूको समस्या समाधान गर्न दूतावास क्रियाशील छ', अपिलमा भनिएको छ, 'आपत परेको अवस्थामा दूतावासको हटलाइन नम्बरहरू ८९२९६०१९२५, ०११-२३४७६२०० र ०११-२३३२७३६१ मा फोन गर्नुहुन अनुरोध छ ।'

## व्याज मिनाहा गर्न सरकारसाग आग्रह

धनगढी । कैलाली उद्योग वाणिज्य संघले कोरोना रोकथामका लागि सरकारले जारी गरेको लकडाउनका कारण उद्योग, व्यापार क्षेत्र धराशायी भएकोले लकडाउन अबधिको सम्पूर्ण व्याज मिनाहा गर्न सरकारसँग आग्रह गरेको छ । कैलालीका उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले कैलालीका प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहरा मार्फत शुक्रवार सरकारलाई बुझाएको ज्ञापन पत्रमा लक डाउनका कारण व्यापार व्यवसाय ठप्प रहेकोले व्यवसायीहरू व्याज तिर्न सक्ने अवस्थामा नरहेको लक डाउन अबधिको सम्पूर्ण व्याज मिनाहा गर्न आग्रह गरिएको छ । व्यवसायी बाँचे भने मात्र बैंकहरूले मुनाफा कमाउने हुन् । यतिबेला व्यापार व्यवसाय ठप्प हुदा व्यवसायीहरू निराश र हतोत्साही छन् । व्याज तिर्न सक्ने व्यवसायीहरूको अवस्था छैन । व्यवसायीहरूको यो अवस्थालाई बुझेर लकडाउन अबधिभरको सम्पूर्ण व्याज मिनाहा गरिदिन हुन प्रधानमन्त्रीलाई आग्रह गर्दछौं, संघका अध्यक्ष कुँवरद्धारा हस्ताक्षरित ज्ञापन पत्रमा भनिएको छ, लक डाउन अबधिको व्याज मिनाहा नभए व्यवसायीहरू व्यवसाय गर्न सक्ने अवस्था नरहने जानकारी गर्दछौ । संघले लक डाउन अबधिको व्याज मिनाहा नभए व्यवसायीहरू सम्पूर्ण व्यवसाय नै सधैका लागि लकडाउन गर्न बाध्यहुने अवस्थालाई बुझिदिन समेतसरकारसंग आग्रह गरिएको छ ।ज्ञापन पत्र हस्तान्तरण कार्यक्रममा संघका बरिष्ठ उपाध्यक्ष पुष्कर ओझा र महासचिव ओम बिष्टको समेत उपस्थिति रहेको थियो ।

## सीमामा सुरक्षा पोस्ट थप्न गृहको तयारी

काठमाडौं । सशस्त्र प्रहरीले सीमा नाकामा भारतकै जति सुरक्षा पोस्ट राख्न प्रस्ताव गरेको छ । नेपाल-भारत सीमामा भारतका ५ सय ३० वटा सुरक्षा पोस्ट छन् । नेपालले भने भारततर्फको सीमामा १ सय २१ वटा पोस्ट राखेको छ । नेपालका तर्फबाट सुरक्षा पोस्ट (बीओपी) को संख्या ५ सय पुऱ्याउन सशस्त्रले प्रस्ताव गरेको हो । झण्डै ४ सय पोस्ट थप्ने प्रस्तावसहितको योजना सशस्त्रले गृह मन्त्रालयमा बुझाएको छ । गृहमन्त्री रामबहादुर थापा बादलले सिमानामा आवतजावत पूर्ण बन्द गर्ने गरी योजना ल्याउन सशस्त्रलाई निर्देशन दिएका थिए । लकडाउनको समयमा सीमामा थप कडाइ गर्न सुरक्षा पोस्ट आवश्यक रहेको भन्दै सो योजना तयार गरेको हो । यीमध्ये एक सय बीओपी थप्ने प्रक्रिया सुरू भइसकेको छ । यी बीओपी अन्तरगत रहने गरी चेकपोस्ट थप हुनेछन्। हाल १३ सय अस्थायी चेकपोस्ट छन् । तर भारतबाट प्रहरीलाई छल्दै नेपाल भित्रिने क्रम नरोकिएपछि सशस्त्रले थप कडाइ गर्न योजना बनाएको हो । त्यसका लागि ९ हजार जनशक्ति पनि थप गर्नुपर्ने प्रस्ताव पनि सशस्त्रले राखेको छ । हाल सरदर १५ किलोमिटरको दूरीमा रहेको बीओपी त्यसपछि ३.५ किलोमिटरको फरकमा रहनेछन् ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

## मधेश अपडेट

### 'पाठशाला अपना घरेमे' सञ्चालन

कमल कुमार मण्डल, राजविराज । तिलाठी कोइलाडी गाउँपालिका र सि. एफ. एम. को सहकार्यमा रेडियो र अनलाइन माध्यमाबाट पठनपाठन सञ्चालन गरिएको छ । एसईई परीक्षामा सहभागी हुने र कक्षा ९ बाट १० मा जाने विद्यार्थीहरूका लागि एफ. एम. बाट "पाठशाला अपना घरेमे" नामक कार्यक्रम बिहीबारदेखि सञ्चालन गरिएको हो । लकडाउनका कारण विद्यालयहरू बन्द रहेकोले यस रेडियो कार्यक्रमबाट विद्यार्थीहरूको पठनपाठनमा निकै अभ्यास हुने शिक्षकहरूको भनाई छ । विद्यालयमा पठनपाठन सञ्चालन नभएसम्म प्रत्येक दिन ११: ०० बजेदेखी १:०० बजेसम्म कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ । दैनिक ४ ओटा विषयको पठनपाठन भइरहेको छ भने, एक घण्टिमा ३० मिनेटको समय दिई कक्षा सञ्चालन गरिएको छ ।

### सीमामा हजार सशस्त्र प्रहरी परिचालन

बुटवल । रूपन्देही प्रशासनले कोरोना संक्रमण भित्रिन नदिन भारतीय सीमा क्षेत्रमा सुरक्षा सतर्कता उच्च बनाएको छ । बेलहिया भन्सार नाकाबाट खाद्यान्नका मालवाहक सवारी साधनबाहेक भारतसँग सीमा जोडिएको रूपन्देहीको दक्षिणी भेगबाट कसैलाई पनि प्रवेश गर्न नदिएको प्रशासनले जनाएको छ । बेलहियादेखि कपिलवस्तुको सीमा क्षेत्रसम्मको ६० किलोमिटर दुरीमा ८९ वटा अस्थायी चेकपोस्टमा एक हजार सशस्त्र प्रहरी परिचालन गरिएको छ । एउटा पोस्टबाट अर्को पोस्टसम्म मानिस आउजाउ गरेको देख्न सकिने गरी पोस्ट खडा गरी चौबीसै घण्टा ड्युटी गर्ने गरी प्रहरी तैनाथ गरिएको सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले बताए । लकडाउनका कारण रोकिएका एकसय ५४ जना भारतीयलाई २४ दिन नेपालको क्वारेन्टाइनमा राखेपछि भारत पठाइएको र दुई सय १३ जना नेपालीलाई पनि सीमापारिबाट नेपाल ल्याइएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले बताए । रूपन्देहीमा अझै ४८ जना भारतीय नागरिक बुटवल, तिलोत्तमा, देवदह, सैनामैना र मायादेवी गाउँपालिकाको क्वारेन्टाइनमा रहेका रूपन्देही प्रहरी प्रमुख एसपी हेमकुमार थापाले बताए । उनीहरू नेपालका विभिन्न विकास आयोजनामा काम गर्दै आएका हुन् ।

### ९१ जनाको कोरोना परीक्षण रिपोर्ट निगेटिभ

रूपेन्द्र पटेल, रौतहट । रौतहटमा मंगलबार भेटिएको दुबै कोरोना संक्रमित युवकका सम्पर्कमा आएकाहरूमा कोरोना परीक्षण रिपोर्ट नेगेटिभ आएको छ । कोरोना संक्रमित दुईजनाको आफन्तसहित रौतहटका ९१ जनाको कोरोना परीक्षण रिपोर्ट निगेटिभ आएको हो । गत मंगलबार बृन्दावन र देवाहीगोनाही नगरपालिकामा दुईजना संक्रमित फेला परेपछि उनीहरूको कन्ट्र्याक ट्रेसिङका आधारमा परीक्षण गर्दा नेगेटिभ रिपोर्ट आएको रौतहटका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जनाएका छन् । बृन्दावन नगरपालिका-९ भुसाहाका २१, चन्द्रपुर नगरपालिकाका दुई, देवाहीगोनाही गरपालिकाका १३, ईशनाथ नगरपालिकाका १९, कटहरिया नगरपालिकाका ३१, फतुवा विजयपुर नगरपालिकाका ३ तथा गौर र गरूडा नगरपालिकाका १–१ जना गरी ९१ जनाको परीक्षण गरिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले जानकारी दिएका छन् । रौतहटमा अहिलेसम्म ३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । तीमध्ये १ जना निको भएर घर फर्किसकेका छन् । संक्रमितहरूको वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय कोरोना विशेष अस्पतालमा उपचार भइरहेको छ । रौतहटमा कोरोना संक्रमित भएका २ जनाको कन्ट्र्याक ट्रेसिङको आधारमा ४७ जनाको स्वाब परीक्षण गरिएको थियो ।

### वीरगञ्जका सफाइकर्मी सम्मानित

वीरगन्ज । कोरोनाको उच्च जोखिममा रहेका वीरगन्ज महानगरका सरसफाइकर्मीलाई शनिबार नागरिक स्तरबाट सम्मान गरिएको छ । कोरोनाको महामारीसँगै लकडाउनका बेला ज्यान जोखिममा राखेर सडक र नाला सरसफाइ गर्दै आएका सरसफाइकर्मीलाई खादा ओढाउनुका साथै फूलको गुच्छा दिएर सम्मान गरिएको हो । वीरगन्ज महानगरपालिकामा कार्यरत सरसफाइ कर्मचारीहरूलाई उनीहरूको मनोबल उच्च राख्न आदर्शनगर ग्रिनी सिटी सामुदायिक सेवा केन्द्रले सम्मान गरेको हो । आदर्शनगर चोकमा केन्द्रका पदाधिकारी, सदस्य र समाजसेवीले सरसफाइकर्मीलाई खादा ओढाएर फूलको गुच्छा प्रदान गरेर सम्मान गरेका हुन् । वीरगन्ज महानगरपालिकामै कार्यरत एक सरसफाई कर्मचारीमा कोरोना संक्रमण फेला परेपछि महानरका सरसफाइ कर्मचारीहरू त्रसित छन् । वीरगन्ज ३ छपकैया घर भएका वीरगन्ज महानगरपालिकाको सरसफाई कर्मचारीहरूका नाइकेमा बैशाख १४ गते कोरोना संक्रमण पोजेटिभ देखिएको थियो । संक्रमित ती व्यक्तिको वीरगन्जको नारायणी अस्पतालको आइसोलेशनमा उपचार भइरहेको छ ।

### नेपालगन्जमा थप ७ कोरोना संक्रमित फेला

नेपालगन्ज । नेपालगञ्जमा थप सात जना कोरोना संक्रमित भेटिएका छन् । चार जना महिला र तीन जना पुरूषमा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । संक्रमितहरू सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ । यससँगै नेपालमा कोरोना भाइरसबाट संक्रमित भएकाहरूको संख्या ८२ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । नयाँ सातै जना संक्रमित बाँकेको नेपालगञ्ज उपमहानगरपालिका वडा नम्बर ८ का हुन् । मंगलबार भेरी अस्पताल नेपालगञ्जमा गरिएको परीक्षणमा ९, ३२, ३४ र ५५ वर्षका महिला तथा २२, ३० र ४० वर्षका पुरूषमा कोरोना पुष्टि भएको मन्त्रालयले जनाएको छ । यसअघि आइतबार बाँकेमा एकैदिन १५ जना संक्रमित फेला परेका थिए । संक्रमितको संख्या बढेपछि नेपालगञ्जमा २५ गतेसम्मलाई निषेधित क्षेत्र घोषणा गरिएको छ । बाँकेमा हालसम्म ५ सय ९३ जनाको आरडीटी परीक्षण गरिएको छ । बाँकेमा पीसीआर विधिबाट तीन सय ५८ को जाँचका लागि स्वाब संकलन गरिएकोमा छ । नेपालगन्जका कोरोना संक्रमित अनपेक्षित देखिएपछि ट्र्याकिङ्गका लागि बुटवल र काठमाडौंबाट पनि टोली पुगेको छ ।

### सुरक्षा सामग्री हस्तान्तरण र स्वस्थ्य परीक्षण

कपिलवस्तु । कपिलवस्तु जिल्लाको मायादेवी गाँउपालिका-१ पकडीमा रहेको युवा कल्याण समाजले मायादेवी गाँउपालिकाको विभिन्न क्षेत्रमा सुरक्षा सामग्री हस्तान्तरण गर्नुका साथै स्वास्थ्यकर्मीको टोलीसहित गाउँ-गाउँमा स्वास्थ्य परीक्षण गराएको छ । मायादेवीको स्वास्थ्य कार्यलय पकडी र ईलाका प्रहरी कार्यलयहरूमा मास्क, सेनिटाईजर, ह्यन्ड ग्लोब्स, हेन्डवास वितरण गरेको छ। युवा कल्याण समाजको सर्हानीय कार्य प्रति स्वास्थ्य कार्यलयका प्रमुख डा. विश्नाथ ठाकुरले खुशी व्यक्त गरेका हुन् । कोरोना भाईरसको प्रभावबाट बच्नका लागि स्वस्थ्यकर्मीको टोलि सहित मायादेवि गाँउपालिकाको विभिन्न क्षेत्रहरूमा मानिसहरूको उच्च तापक्रम, रूघाखोकी, टाउको दुखाईका साथै विभिन्न लक्षणको जाँच गराएको छ । संस्थाका अध्यक्ष मोहम्मद वकिल मुसलमानको प्रयासमा हामी दिनरात जनताको हरेक क्षेत्रहरूमा सेवा सुविधा दिन तयार रहेको कुरा संस्थाका उपाध्यक्ष वलिउद्दिन मुसलमानले बताए । साथै यस महामारीबाट बढी प्रभावित रहेको ज्यालादारी गर्ने घरपरिवार र सुरक्षाका जोखिम महसुस गरेर सेवामा खटी रहेको सुरक्षाकर्मीहरूलाई आवश्यक सुविधा दिन तयार रहेको कुरा पनि उनले बताए । आवश्यक सेवा सुविधाका लागि संस्थाको सम्पर्क नं. ९८०३८४२५६४ मा फोन मार्फत जानकारी गराएमा घरदैलोमा सेवा सुविधा उपलब्ध गराइन्छ ।

### दोस्रो चरणको राहत बाँड्दै प्रदेश सरकार

जनकपुरधाम । लकडाउनको अवस्थामा दैनिक ज्यालादारी गर्ने मजदूर तथा विपन्न परिवारका लागि प्रदेश २ को सरकारले दोस्रो चरणको राहत विरण गरिरहेको छ । लकडाउन लम्बिएपछि मजदूर तथा विपन्न परिवारलाई हातमुख जोड्न समस्या नहोस् भनेर प्रदेश सरकारले दोस्रो चरणमा राहत वितरण सुरू गरेको हो । प्रदेश २ को उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको तर्फबाट दोस्रो चरणको राहत कार्यक्रमको जनकपुरधामबाट मन्त्री रामनरेश रायद्वारा औपचारिक प्रारम्भ गरिएको थियो । घरेलु तथा साना उद्योग कार्यालय धनुषाको आयोजनामा वडा नं.७ स्थित १०५ घर परिवारलाई राहत वितरण गरिएको छ । प्रदेश सरकारले मन्सुली चामल २५ किलो, मसुरो दाल २ किलो, खाने तेल १ लिटर, नुन १ किलो, सोयाबिन आधा किलो, हातधुने साबुन १ पिस र लुगाधुने साबुन १ पिस लगायतका राहत सामग्री वितरण गरिएको उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले जानकारी दिएका छन् । प्रदेशवासीको हरेक सुखदुखमा प्रदेश सरकार साथ रहने प्रतिबद्धता जनाउँदे राज्यमन्त्रीले आगामी दिनमा पनि राहत तथा उद्धारमा लागिरहेका बताएका छन् ।

# कोभिड- १९ विरूद्ध नेपाल र भारतबीच सहकार्यमा जोड



नयाँ दिल्ली । भारतका लागि नेपाली राजदूत नीलाम्बर आचार्यले कोभिड- १९ ले नेपाल र भारतका जनताको जीविकोपार्जन र जीवन एक-अर्कोबीच अविभाजित पुष्टि गरेको बताएका छन् । भारतको पिएचडी चेम्बर अफ कमर्स एन्ड इन्डष्ट्रीले आयोजना गरेको सेमिनारमा राजदूत आचार्यले संकटका वेला दुई देशबीच सहकार्य उदाहरणीय र उल्लेखनीय रहेको पनि बताए । कार्यक्रममा दुवै देशका उद्योगीहरूले कृषि, पर्यटनलगायतका क्षेत्रमा नेपाल र भारतका सबै तहबीच सहकार्यमा जोड दिएका छन् ।

भिडियो कन्फ्रेन्समार्फत आयोजित कार्यक्रममा पठाएको लिखित सम्बोधनमा राजदूत आचार्यले नेपाल र भारतले लकडाउनजस्तो उपाय अपनाउन कठिन भएको, तर नेतृत्वले लिएको कठोर निर्णयलाई सबैले स्वागत र समर्थन गरेको पनि उल्लेख गरे । कोरोनाविरूद्धको लडाइँमा नेपाल र भारतले समान तरिका अपनाएको पनि उनको भनाइ थियो ।

पिएचडी चेम्बर अफ कमर्सका डेपुटी सेक्रेटरी अतुलकुमार ठाकुरका अनुसार राजदूत आचार्यले खुला सिमानामा आवतजावत बन्द भएको, तर आपूर्ति व्यवस्था दुरूस्त राखिएको तथा भन्सार सुविधा प्रभावकारी बनाइएको पनि उल्लेख गरे । राजदूत आचार्यले नेपाल र भारतले लकडाउनका वेला एक-अर्काका नागरिकको प्रभावकारी व्यवस्थापन गरेको र नागरिक रहेका स्थानमा मानवीय सहायता गरिएको पनि जिकिर गरे ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सार्कका नेताहरूबीच संवादमार्फत कोभिड- १९ विरूद्ध क्षेत्रीय ऐक्यबद्धता निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्दै आचार्यले भारतले नेपाललाई पनि औषधि र स्वास्थ्य सामग्री उपलब्ध गराएकोमा धन्यवाद दिए ।

कोभिडपछिको अवस्थामा नेपालले भारतबाट थप लगानीको अपेक्षा गरेको पनि राजदूत आचार्यले बताए । दुवै देशका निजी क्षेत्रले यसका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने पनि राजदूत आचार्यले बताए ।

नेपालका लागि पूर्वभारतीय राजदूत केभी राजनले नेपालले कोभिड- १९ को रोकथाम र नियन्त्रणका लागि चालेको कदम प्रभावकारी भएको भन्दै प्रशंसा गरे । उनले कोभिड- १९ ले उतपन्न गरेको चुनौती सामना गर्न नेपाल र भारतका निजी क्षेत्रबीच सहकार्य हुनुपर्ने पनि उल्लेख गरे । अर्को प्रसंगमा राजनले भारतले दक्षीण एसियाली क्षेत्रीय एकताको महत्वलाई पुनर्पुष्टि गरेको र सार्कलाई महत्व दिएको पनि उल्लेख गरे ।

नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष विष्णु अग्रवालले कोभिड- १९ पछिको अवस्थामा नेपाल र भारतबीच कृषि, पर्यटन, क्षमता विकासलगायतका क्षेत्रमा सहकार्य हुनुपर्नेमा जोड दिए । उनले लकडाउनका नाममा आर्थिक गतिविधि ठप्प भएको भन्दै यो परिवेशको अन्त्य हुनुपर्नेमा जोड दिए । अग्रवालले आधारभूत स्वास्थ्य सावधानीको ग्यारेन्टी गरेर राजश्व उठ्ने क्षेत्र तथा आर्थिक गतिविधिलाई खुला गर्नुपर्ने बताए । कार्यक्रममा सेनाका पूर्वउपरथी विनोज बस्न्यातले दुवै देशबीच कोरोना भाइरसपछिको साझा रणनीति तय हुनुपर्नेमा जोड दिए ।

भारतको जलविद्युत् उत्पादक कम्पनी एनएचपिसीका अध्यक्ष तथा प्रबन्ध-निर्देशक अभयकुमार सिंहले कोभिड- १९ को मार जलविद्युत् उत्पादनको क्षेत्रमा पनि परेको उल्लेख गर्दै नेपालको कर्णाली बेसिनमा स्टोरेजमा आधारित जलविद्युत परियोजनाको सम्भावना अध्ययन गरिरहेको जानकारी दिए ।

नेपाल एसबिआई बैंकका प्रबन्ध-निर्देशक अनुकूल भटनागर, नेपाल उद्योग परिसंघका उपाध्यक्ष निर्वाण चौधरी, पिएचडी चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष अनिल खेतानलगायतले कार्यक्रमलाई सम्बोधन गरेका थिए ।

# कोरोना रोकथाममा सार्क राष्ट्रमा नेपालको अवस्था राम्रो

काठमाडौं । नेपालले कोरोना भाइरस कोभिड- १९ को रोकथाम र नियन्त्रणमा खेलेको भूमिका दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) देशमा राम्रो रहेको छ । सार्कमा कोभिड- १९ को रोकथाम र नियन्त्रणमा नेपालको भूमिमा भूटानपछि रहेको छ । नेपाल र भुटानमा अहिलेसम्म एक जना पनि व्यक्ति कोरोनाका कारणले ज्यान गुमाउनुपरेको छैन । ती देशमा सङ्क्रमण पनि कम रहेको छ । सार्कका आठ देशमध्ये छ देशमा कोरोना सङ्क्रमणका कारणले मानिसको मृत्यु भएको छ ।

भारतमा अहिलेसम्म एक हजार २२३ व्यक्तिले ज्यान गुमाइसकेका छन् । यसैगरी पाकिस्तानमा ४१७, बङ्गलादेशमा १७५, अफगानिस्तानमा ७२, श्रीलङ्कामा सात र माल्दिभ्समा एक जनाको कोभिड- १९ ले मृत्यु भइसकेको छ । अहिलेसम्म भारतमा ८९ प्रतिशत भू-भागमा कोभिड- १९ को सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले सार्क राष्ट्रमा कोरोना रोकथाममा भूटान र माल्दिभ्सपछि नेपाल रहेको बताए । कोरोनाका कारणले एक जनाको मृत्यु भए पनि माल्दिभ्समा परीक्षणको दायरा बढी छ । नेपालको प्रति १० लाखमा दुई हजार २९ जनाको परीक्षण गरिएको छ । यस्तै भूटानमा प्रति १० लाखमा १३ हजार ९१ र माल्दिभ्समा १४ हजार ८१५ जनामा गरिएको छ ।

# नेपाल-भारत पर्यटन कार्यदल बनाइने

काठमाडौं । नेपाल-भारत बीचको पर्यटनलाई कोरोना संकटपछि नयाँ गति दिने सम्बन्धमा पर्यटन टास्क फोर्स बनाइने भएको छ । नेपाल पर्यटन बोर्ड र भारतीय निजी क्षेत्रका पर्यटनसँग सम्बन्धित व्यवसायीहरूको छाता संगठनबीच भएको अनलाइन छलफलका क्रममा टास्कफोर्स बनाउने सहमति भएको हो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा. धनञ्जय रेग्मीले भारतका पर्यटन संघ-संस्थाका प्रमुखसँग नेपाल-भारत पर्यटनलाई कोरोना संकटपछि नयाँ गति दिनेबारे छलफल गरेका हुन् ।

उक्त अवसरमा बोर्डका कार्यकारी प्रमुख डा. रेग्मीले वर्तमान संकटका समयमा नेपालमा भएका पर्यटकलाई आफ्नो देश फर्किन गरिएको कामका बारेमा जानकारी गराएका थिए । कोरोनाले नेपाली पर्यटन उद्योगको क्षतिका सम्बन्धमा बोर्डले गरिरहेको सर्भेक्षणबारे समेत उनले जानकारी दिए ।

नेपाल सरकारसँग पर्यटन उद्योगलाई राहत प्याकेजका लागि गरिरहेको पहलकदमी, नेपाली पर्यटन उद्योगलाई आगामी दिनमा आवश्यक हाइजिन स्यानिटेसनको व्यवस्थाका सम्बन्धमा समेत उनले जानकारी दिए । उनले नेपालमा बनिरहेका हिलस्टेसनको सम्बन्धमा समेत जानकारी दिए । यस्ता हिलस्टेसन भारतीय बजार लक्षित गरी बनाउन लागिएको उनको भनाइ छ । मझौला पहाडी भागमा नयाँ पर्यटकीय गन्तव्यको विकासका साथै ती स्थानमा मनोरञ्जनका आयामका लागि बोर्डले पहल गरिरहेको समेत उनले जानकारी दिए ।

कोरोनाको संकट सकिएपछि भारतीय पर्यटकको नेपाल भ्रमणका लागि चाहिने आत्मविश्वास बढाउन नेपालले गर्नुपर्ने सबै तयारीमा बोर्ड जुटेको उनको भनाइ थियो । भारतीय पर्यटनका व्यक्तिले संकटपश्चात भारतीय पर्यटक भ्रमणमा सामाजिक दुरी र सुरक्षाका विषयमा बढी सचेत हुने बताउँदै नेपालले गन्तव्यहरूमा यसको प्रवन्ध गरिराख्न आग्रह गरेका छन् । नेपालको यो संकटमा हालसम्म शून्य मृत्युको अवस्थाले आगामी दिनमा भारतीय बजारहरूमा राम्रो प्रभाव पर्ने भन्दै सुरक्षामा सचेत हुन आग्रह गरेका थिए ।

छलफलमा नेपाली र भारतीय ट्राभल उद्योगले समन्वयमा काम गरी भारतीय पर्यटकलाई नयाँ आत्मविश्वास प्रदान गर्नुपर्ने आवश्यकताका विषयमा सहमति भएको छ । नेपाली आतिथ्यता र सत्कारलाई नेपाली पर्यटनको आधार भएको मनन गरी नेपालको नयाँ परिचय स्थापित गराउने कार्यलाई तीव्रता दिनपनि सहभागीले अनुरोध गरेका थिए ।

# कोरोना महामारी चीनको ल्याबबाट सुरू भएको अमेरिकी विदेशमन्त्रीको दाबी

काठमाडौं । अमेरिकी विदेशमन्त्री माइक पम्पिओले कोरोना भाइरसको महामारी चीनको ल्याबबाट सुरू भएका कैयन प्रमाणहरू रहेको दावी गरेका छन् ।

अमेरिकी खुफियाले चीनको ल्याबबाट भाइरस आएको हुनसक्ने सम्भाव्यताबारे अनुसन्धान गरिरहेको जनाइएको थियो । माइक पम्पिओले यसभन्दा अगाडि पनि यो सम्भाव्यताबारे अमेरिकाले अनुसन्धान गरिरहेको बताएका थिए । तर आइतबार एबीसी टेलिभिजनसँगको अन्तरवार्तामा उनले भने - 'यो कहाँबाट सुरूभयो भन्नेबारेमा हामीसँग कैयन प्रमाणहरू छन् । म भन्न सक्छुकी यो युहानको ल्याबबाट आएकोबारे प्रयाप्त प्रमाणहरू छन् ।'

अन्तरवार्ताका क्रममा कोभिड १९ को कारक कोरोनाभाइरस ल्याबमा भएको दुर्घटनाको परिणामस्वरूप बाहिरिएको वा नियतपूर्वक ल्याबमा नै बनाइएको भन्नेबारे भने पम्पिओ अन्यौलमा देखिएका थिए । तर उनले भने - 'बरिष्ठ विज्ञहरूले यो भाइरस मानवनिर्मित भएको सोचेको देखिन्छ । उक्त कुरामा मैले अविश्वास गर्नुपर्ने कुनै कारण छैन ।' तर जब अन्तरवार्ताका क्रममा अमेरिकी खुफियाले भाइरस मानवनिर्मित नभएको र जैविकरूपमा प्रशोधित गरिएको नभएको बताउँदै औपचारिक वक्तब्य जारी गरेको स्मरण गराइएको थियो । तब पम्पिओले भने - 'त्यो सही हो । म त्यसमा सहमत छु ।'

डोनाल्ड ट्रम्पले पनि यस्तै अपुष्ट दावी गरेका थिए । सोही दिन पम्पिओले एउटा रेडियो अन्तरवार्ताका क्रममा भाइरस युहान इन्स्टीच्युट अफ भाइरोलोजीबाट आएकोबारे आफूलाई थाहा नभएको बताएका थिए । त्यस्तै उनले भाइरस मासुबजार वा अन्य ठाउँबाट आएकोबारे पनि आफूलाई थाहा नभएको र कहाँबाट आयो भन्ने जवाफ आफूसँग नभएको बताएका थिए । कैयन महामारीविदहरूले युहान इन्स्टीच्युट अफ भाइरोलोजीबाट महामारी सुरू भएको हुनसक्ने सम्भावना रहेको बताएका छन् । यो ल्याबमा विभिन्न प्रकारका कोरोनाभाइरसबारे अध्ययन गरिदै आएको छ । तर यो सिद्धान्त प्राकृतिक रूपमा चमेराबाट कुनै जनावरमा संक्रमणभएर मान्छेमा फैलिएको हुनसक्ने सिद्धान्तको तुलनामा कम सम्भावित देखिन्छ ।

# भारतले बनाउँदैछ कोरोनाविरूद्ध खोप

काठमाडौं । विश्वकै सबैभन्दा ठूलो कम्पनी सिरम इन्स्टिट्युट अफ इन्डियाले अहिले अमेरिकी बायोटेक कम्पनी कोडाजेनिक्ससँग मिलेर कोरोना भाइरसविरूद्ध खोप विकास गर्ने प्रयास गरिरहेको छ । भारत विश्वमै धेरै मात्रामा औषधि र खोप उत्पादन गर्ने मुलुकमा पर्छ। विश्वका आधाजति ठूला र केही साना खोप उत्पादनकर्ता भारत नै हो । उसले पोलियो, मेनिन्जाइटिस, निमोनिया, रोटाभाइरस, बीसीजी, दादुरा, हाडे र रूबेलालगायत रोगविरूद्ध खोप बनाइसकेको छ ।

अहिले भने भारतका आधाभन्दा बढी यस्ता कम्पनी कोरोना भाइरस (कोभिड( १९) विरूद्धको खोप विकासमा जुटिरहेका छन् । तीमध्ये धेरै मात्रामा खोप बनाउने र बिक्री गर्ने विश्वकै सबैभन्दा ठूलो कम्पनी सिरम इन्स्टिट्युट अफ इन्डियाले अहिले अमेरिकी बायोटेक कम्पनी कोडाजेनिक्ससँग मिलेर कोरोना भाइरसविरूद्ध खोप विकास गर्ने प्रयास गरिरहेको छ । जसले भाइरसलाई जीवित रहन दिने तर त्यसका खराब गुण हटाउने खालको खोप निर्माण गरिरहेको छ ।

सिरम इन्स्टिट्युट अफ इन्डियाका प्रमुख कार्यकारी अधिकृत आदर पुनावालाले यो खोप यही महिना जनावरमा परीक्षण गर्ने योजना रहेको जानकारी दिएका छन् । उनले भनेका छन, 'सेप्टेम्बरसम्म मानिसमा परीक्षण गर्न सक्नेछौं ।' उनको कम्पनीले अक्सफोर्ड विश्वविद्यालयले विकास गरिरहेको र ब्रिटिस सरकारले समर्थन गरेको खोप ठूलो मात्रामा बनाउन पनि सहकार्य गरिरहेको छ ।

अक्सफोर्डले विकास गरिरहेको नयाँ खोपको आधार चिम्पान्जीबाट प्राप्त भाइरसको अनुवांशिक संरचनामा परिवर्तित रूप हुनेछ ।

## संक्षिप्त समाचार

### मास्क, साबुन र सेनिटाइजर वितरण

सप्तरी । हेल्प देम फाउण्डेशनले गरिब तथा अतिविपन्न परिवारलाई मास्क, साबुन र सेनिटाइजर वितरण गरेको छ । फाउण्डेशनले सप्तरीको राजगढ नगरपालिकाको ६ वटै वार्डका तीन सय गरिब तथा अतिविपन्न परिवारलाई मास्क, साबुन, सेनिटाइजर वितरण गरेको हो । विवेक कुमार झाको नेतृत्वमा फाउण्डेशनका सदस्यहरू नविन कुमार झा, कृष्णदेव यादव लगायतले सो सामग्रीहरू वितरण गरिएको छ ।

### कपिलवस्तुमा वडाअध्यक्षमाथि गोलि प्रहार

इमरान खान, कपिलवस्तु । कपिलवस्तुमा वडाध्यक्षमाथि गोली प्रहार भएको छ । कपिलवस्तुको यशोधरा गाउँपालिका- ८ का वडा अध्यक्ष सहाबुद्दिन मुसलमान माथि बिहीबार राति १ बजे गोली प्रहार भएको कपिलवस्तु प्रहरीले जनाएको छ । खोरिया गाँउमा आफ्नै घरमा सुतेका वडा अध्यक्ष मुसलमान माथि चार राउण्ड गोली प्रहार भएको हो । दुई जना अज्ञात व्यक्तिले उनी माथि गोली हाने पनि उनलाई नलागेको प्रहरीले जनाएको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले एक व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

### नेपालगन्जमा ९ जनामा कोरोना संक्रमण

नेपालगन्ज । नेपालमा एकै दिन १० जना कोरोना भाइरस (कोभिड-१९) का बिरामी फेला परेको छन् । आइतबार पर्साको वीरगन्जमा एक र बाँकेको नेपालगञ्जमा आइतबार ९ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमणको पुष्टि भएको छ । योसँगै नेपालमा कोरोना संक्रमितको संख्या ६९ पुगेको र तीमध्ये १५ जना निको भएर घर फर्किएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । नेपालगञ्जमा गरिएको परीक्षणमा उनीहरूमा संक्रमण पुष्टि भएको मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले जनाएका छन् । संक्रमित मध्ये ५ पुरूष र ४ जना महिला छन् । र संक्रमित ७ देखि ५८ वर्ष उमेरका छन् ।

### मलेठ घटनाका पीडित परिवारलाई राहत

सप्तरी । मलेठ घटनामा मारिएकाका परिवारलाई सप्तरीमा राहत वितरण गरिएको छ । जनता समाजवादी पार्टीका नेता गजेन्द्रकुमार मण्डलले उनीहरूलाई राहत वितरण गरेका हुन् । मलेठ घटनामा मारिएका पीताम्बर मण्डल, सजन मेहता र वीरेन्द्र मेहताको परिवारलाई राहत उपलब्ध गराइएको हो । प्रति परिवारलाई २० किलो चामल, पाँच किलो दाल, दुई लिटर खाने तेल, दुई किलो नुन, एक किलो सोयाविन, साबुन र मास्क वितरण गरिएको उनले बताए ।

### प्रहरीमाथि हातपात गर्ने पक्राउ

रौतहट । प्रहरीमाथि हातपात तथा अभद्र व्यवहार गरेको अभियोगमा राजपुर नगरपालिका-५ बस्ने ५० वर्षीय राजकिशोर भाट मालीलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादमाराजकिशोर र छिमेकीबीचझगडा भएको भन्ने खबर प्राप्त हुनासाथईलाका प्रहरी कार्यालय राजपुरबाट खटिएको प्रहरीले सम्झाईबुझाई गर्नेक्रममा उनले प्रहरीमाथि नै हातपात तथा अभद्र व्यवहारगरेपश्चात मालीलाई प्रहरीले पक्राउ गरेको हो । साथै घटनामा संलग्न सोही ठाउँ बस्ने २२ वर्षीय धर्मेन्द्र भगत माली हाल फरार रहेकोले प्रहरीले खोजी गरिरहेको छ ।

### रड प्रहार गरी घाइते बनाउने पक्राउ

मोरङ । आफ्नै भिनाजु नाता पर्नेलाई रड प्रहार गरी घाइते बनाएको अभियोगमा बेलबारी नगरपालिका-११ लक्ष्मीमार्ग बस्ने२९ वर्षीय मनु लिम्बुलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । घरायसी विवादको क्रममा मनुलेआफ्नै भिनाजु नाता पर्ने ४० वर्षीय पुरूषलाई फलामको रड प्रहार गर्दा घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको स्थानीय प्रहरीले लिम्बुलाई पक्राउ गरेको हो । घाइतेलाई उपचारको लागि न्यूरो अस्पताल विराटनगरतर्फ पठाइएको छ ।

### जबरजस्ती करणी गर्ने पक्राउ

रौतहट । १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा एक जना प्रहरीले पक्राउ गरेको छ । फतुवा बिजयपुर नगरपालिका-८ बिजयपुर बजार बस्ने ५० वर्षीय टेक बहादुर चौधरीलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको हो । ती किशोरीलाई विभिन्न प्रलोभन देखाई पटकपटक गरी ४ पटक जबरजस्ती करणी गरेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय लक्ष्मीनियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### स्वास्थ्य सामग्री हस्तान्तरण

जनकपुरधाम । ग्रामीण विकास केन्द्र रौतटहले कोभिड १९ कोरोना महामारी विरूद्धको लडाईका लागि प्रदेश सरकारलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । कतार च्यारिटेवल ट्रष्टको सहयोगमा आरडिसी रौतहटले उक्त स्वास्थ्य सामग्रीहरू प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादवलाई हस्तान्तरण गरेको हो । उक्त अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय, आरडिसी रौतहट र कतार च्यारिटेबलका प्रतिनिधि सहितको उपस्थिति रहेको थियो । हस्तान्तरिक सामग्रीहरूमा एक सय थान पिपिई, एन ९५ मास्क, सर्जिकल ग्लब्स, र ३१ थान थर्मल गन रहेको छ ।

### एकै परिवारका १७ जनामा कोरोना संक्रमण

वीरगञ्ज । वीरगञ्जमा एकै परिवारका १७ जना कोरोना भाइरस संक्रमित भेटिएको छ । वीरगञ्ज महानगरपालिका-३ छपकैयास्थित त्यही परिवारका ३६ वर्षीय पुरूषलाई आइतबार कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको थियो । त्यसपछि परिवारका सदस्य र उनको सम्पर्कमा आएकाहरूको परीक्षण गरिएको थियो । त्यसक्रममा उनको परिवारका सबै सदस्यको रिपोर्ट पोगेटिभ आएको छ । संक्रमित हुनेमा २ महिनाको शिशुदेखि ८६ वर्षका बृद्ध समेत छन् । योसँगै नेपालमा कोरोना संक्रमितको संख्या ९९ पुगेको छ भने संक्रमितमध्ये ९९ जना उपचारपछि निको भएका छन् ।

### भरूवा बन्दुक बरामद

बाँके । कोहलपुर नगरपालिका-७ स्थित मितेरी सामुदायिक लखनबार वनमा बेवारिसे अवस्थामा रहेको भरूवा बन्दुक बिहीबार बिहान प्रहरीले बरामद गरेको छ । कोहलपुर नगरपालिका-७ बस्ने ३१ वर्षीय ठाकुर सिंह चौधरीसहित ४ जना व्यक्तिहरू उक्त वनमा बुधबार राति घर छाउने लट्ठी काट्न गएको अवस्थामा बन्दुक पड्किएर चौधरी घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले घटनास्थलबाट उक्त बन्दुक बरामद गरेको हो । घाइते चौधरीको मेडिकल कलेज कोहलपुरमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

बालबालिकाहरूलाई अनिवार्य रूपमा
विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं ।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

# कोशी नदीमा माछा मारेर गुजारा गर्ने ६५ परिवारलाई राहत

कञ्चनपुर । स्टोरीज अफ नेपालको सहयोगमा दलित सरोकार मञ्च नेपाल कञ्चनरूप-८ ले कोशी ब्यारेजमा माछा मारेर गुजारा गर्ने ६५ परिवारलाई राहत वितरण गरेको छ ।

समन्वयमा ५० घर मुसहर समुदायलाई सोमबार राहत वितरण गरिएको हो । हनुमाननगर कंकालिनी नगरपालिका-१ मा पर्ने उक्त ब्यारेजमा ३८ परिवार मल्लाह, ६ परिवार मुसहर, ४ परिवार राम, ३ परिवार मण्डल, ५ परिवार दास, ७ परिवार मुश्लिम, एक जना साह र एक जना यादव परिवारलाई राहत वितरण गरिएको दलित सरोकार मञ्च नेपालका निर्देशक भोलाकुमार पासवानले बताए ।

भौतिक दुरी कायम गर्दै प्रति परिवार २५ किलो चामल, ३ किलो दाल, २ लिटर तेल, २ किलो नून, २ किलो सोयाविन र ६ पिस साबुन वितरण गरिएको निर्देशक पासवानले जनाए ।

कोशी ब्यारेजमा रहेका उक्त बस्तीका अधिकांश व्यक्ति माछा मारेर जिविका चलाउँदै आएका छन् । कतिपयले दैनिक ज्यालादारी र कृषि मजदुरको रूपमा कार्यरत छन् ।

राहत वितरण कार्यक्रममा वडा अध्यक्ष भिमराज मण्डल, यूवा नेता विरेन्द्र माझी, इलाका प्रहरी कार्यालय भारदहका प्रतिनिधि पत्रकार लगायतको उपस्थिती रहेको थियो । एक वर्ष अघि स्टोरिज अफ नेपालका संसथाक जय पौडेलले मल्लाह समुदायको पुर्ख्यौली पेशाबारे फोटोस्टोरी गरेको थियो ।

लकडाउन भएको एक महिनाभन्दा बढी भएपनि स्थानीय सरकारले थोरै राहत सामग्री उपलब्ध गराएकोले अधिकाशको घरमा चुल्हो बल्न छोडेको स्थानीय राजेन्द्र मल्लाहले बताए । उनले भने,' जय पौडेल हाम्रो हाम्रो समाचार मात्रै छापेन,दु:खको समयमा समेत सहयोग गरेर हामीलाई ठूलो गुण लगाउनु भयो ।'

वडा अध्यक्ष भिमराज मण्डलले समेत सहयोगीलाई धन्याबाद दिएको छ । वडाअध्यक्ष मण्डलले भने,' पहिलो चरणको मात्रै राहत वितरण भएको थियो,धेरै जना पहिलो चरणमा छुटेकाले पनि राहत पाएको छ ।' म सहयोर्गि संस्थालाई हृदयदेखी धन्यवाद दिन चाहन्छु ।'

यस अघि स्टोरीज आफ नेपालले कञ्चनरूप नगरपालिका-५ पिप्रपूर्वमा ५० घर मुसहर समुदायलाई रातत वितरण गरेको थियो । उक्त बस्तीमा दुई वर्षअघि बाढीको समयमा मञ्चसँग समन्वय गरेर ३५ घर मर्मत गरेको,६ जनाको जस्ता सहितको घर निमार्ण कार्य गरेको थियो । त्यस्तै गाउँका २८ जना महिलालाई मुढा बनाउन तालिम र १६ जना किशोरीहरूलाई सिलाई कटाईको तालिम संचालन गर्नुका साथै पूजीका लागि मुढा तालिमपछि सबैलाई ७ हजार र सिलाई कटाई तालिमका लिएकालाई १० हजार सहयोग गरेको थियो । स्टोरीज अफ नेपालका संस्थापक जयदेव पौडेलले कोरोना कोभिड-१९)मा आपत्तको समयमा गरिव विपन्न परिवारलाई सहयोग गर्न पाउदा खुशी लागेको बताए ।

# परीक्षण सफल भए कोरोनाको भ्याक्सिन भारतमै पाइने

काठमाडौं । भारतमै कोरोनाभाइरसको भ्याक्सिनको विकास गरिरहेको पुणेको सिरम इन्ष्टिच्युटका सीइओ अडर पूनावालाले ट्रायल सफल भएमा यही सेप्टेम्बर वा अक्टोबरसम्ममा भ्याक्सिन आउने हुने बताएका छन् । उनले यो भ्याक्सिन बजारमा १ हजार भारतीय रूपैयाँमा उपलब्ध हुने बताए । भारतीय अखबार बिजनेश टुडेलाई दिएको एक अन्तरवार्तामा पूनावालाले भने 'हामीले जोखिम उठाउँदै भ्याक्सिनको एडभान्स ट्रायलभन्दा अगाडि नै उत्पादन सुरू गर्दैछौं ।' सिरम इन्ष्टिच्युटले ३ वटा भ्याक्सिन परीक्षण र उत्पादन गर्ने गरी काम अगाडि बढाएको छ । यीमध्ये एक भ्याक्सिन त्यही हो जसलाई बेलायतको अक्सफोर्ड विश्वविद्यालयले विकास गरेको हो र जुन भ्याक्सिन सबैभन्दा चाँडो आउने अपेक्षा गरिएको छ । यसबाहेक सिरम इन्ष्टिच्युटले अमेरिकाको कोडाजेनिक्स कम्पनीको भ्याक्सिन र आफ्नै उत्पादन बीसीजीको 'रिकम्बिनेन्ट' भ्याक्सिन विकास गर्दैछ । सिरम इन्ष्टिच्युट विश्वकै सबैभन्दा ठूलो भ्याक्सिन उत्पादक हो जसले वर्षमा १ अर्ब ५० करोड डोजभन्दा धेरै भ्याक्सिन उत्पादन गर्छ जसले विश्वका ६५ प्रतिशत बालबालिकाहरूलाई 'इम्युनाइज' गर्छ । अडर पूनावालाका पिता साइरस पूनावालाले यो कम्पनी १९६६ मा स्थापना गरेका हुन् । पूनावालाका अनुसार मे महिनाको अन्तिमदेखि भ्याक्सिनको उत्पादन सुरू हुन सक्छ र परीक्षण सफल भएमा सेप्टेम्बर-अक्टोबरदेखि यसलाई बजारमा उपलब्ध गराइनेछ । यो खोपको उत्पादन कहिले सुरू हुनेछ भन्ने प्रश्नको जवाफमा पुनावालाले भने 'हाम्रा मौजुदा इकाइहरूमा आगामी तीन हप्तामा उत्पादन सुरू हुनेछ । हामीले हरेक महिना ४० देखि ५० लाख डोज बनाउनेछौं । यसपछि उत्पादन बढाएर हरेक महिना १ करोडसम्म पुऱ्याउनेछौं । सेप्टेम्बर अक्टोबरसम्म उत्पादन बढेर हरेक महिना ४ करोडसम्म पुग्न सक्छ । पछि हामीले यसलाई अन्य देशमा पनि निर्यात गर्नेछौं ।'

# घरमै बसेर जानकी जन्मजयन्ती मनाउन प्रभु साहको आग्रह

काठमाडौं । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश २ का अध्यक्ष प्रभु साहले लैंगिक समानता सहित नयाँ संस्कृती निर्माणमा जुटन आह्वान गरेका छन् । पुर्वमन्त्री एवं सांसद समेत रहेका प्रदेश अध्यक्ष साहले जानकी जन्म जयन्तीको अवसरमा आज शुभकामना व्यक्त गर्दै यस्तो आह्वान गरेका हुन् ।

अहिले बिश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सन्त्रास एवं लकडाउनका बीच घरमै बसेर जानकी जन्म जयन्ती मनाउँन उनले आग्रह गरेका छन् ।

'जानकी जन्म जयन्तीको विशेष अवसरमा वहाँप्रति उच्च सम्मानका साथ समाजमा लैंगिक समानता सहितको नया संस्कृति निर्माणमा तपाईहरूको महत्वपूर्ण योगदान रहने बिश्वास सहित कोरोना विरूद्धको लड़ाईमा मानव जातिलाई छिटै सफलता मिलोस भन्ने कामना गर्दै सबैको सुख, शान्ति एवं समुन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु' साहले सामाजिक सञ्जाल फेसबुक पेजमा लेखेका छन् ।

'नेपालको राष्ट्रिय विभूति सीतामाताको सम्मान गरौ !, लकडाउनको पालना गरि जानकी जयन्ती मनाऔ !!' भन्दै उनले अहिलेको अवस्थामा घरबाटै जानकी जयन्ती मनाउन आग्रह गरेका छन् ।

यस बर्ष जानकी जन्म जयन्ती २० बैशाखमा रहेको छ । यस अघि नेकपाले भव्यरूपमा बिभिन्न कार्यक्रम गर्दै प्रदेश २ मा जानकी जयन्ती मनाउँदै आएको छ ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## नि:शुल्क खाना वितरण

विराटनगर । लकडाउनका कारण समस्यामा परेकाहरूलाई श्री बंगलामुखी न्यूरो सोसाईटीले खाना खुवाउन सुरू गरेको छ । विराटनगर १० स्थित सोसाईटीले मंगलबारदेखी लकडाउन अवधीभरका लागि निशुल्क खाना खुवाउने व्यवस्था गरेको छ । लकडाउन कारण न्युरो अस्पतालमा बिरामीका कुरूवाका साथै अस्पताल आसपासका विपन्न वर्गका मानिसहरूलाई नि:शुल्क खाना खुवाउन सुरू गरिएको सोसाइटीका संयोजक सुरेश लाल श्रेष्ठले बताए ।यसैबिच सोसाईटीको यस कार्यका लागि न्यूरो अस्पतालका अध्यक्ष डा. विरेन्द्र कुमार विष्टले सोसाईटीलाई नगद १० हजार सहयोग हस्तान्तरण गरेका छन् । साथै आजै न्युरो अस्पतालमा बिरामी लिएर आएका विरामीका आफन्तलाई नि:शुल्क खाना वितरण गर्दै डां विष्टले लकडाउनको समयमा यसरी नि:शुल्क खाना खुवाउने संस्थालाई धन्यवाद प्रकट गरे ।

## मदिरा नियन्त्रण

धनगढी । कैलालीमा ठुलो परिमाणमा मदिरा नियन्त्रणमा लिइएको छ । ईलाका प्रहरी कार्यालय टिकापुर बाट खटिईएको प्रहरी टोलीले उक्त मदिरा नियन्त्रणमा लिएको हो । लकडाउन सुरू भएदेखि हालसम्म टीकापुर नगरपालिका र गाँउपालिकाका विभिन्न वडामा गस्ती गर्ने क्रममा इलाका प्रहरी कार्यालय टिकापुरले बेबारिसे अवस्थामा एक हजार दुई सय बयासट्ठी बोतल र छ हजार आठ सय लिटर घरेलु मदिरा नियन्त्रणमा लिएको थियो । लकडाउन अवधीमा बराबद गरिएको उक्त मदिरा टिकापुर नगरपालिका नगर प्रमुख, इलाका प्रशासन कार्यालय टिकापुरका प्रमुख, टिकापुर उद्योग वाणिज्य संघका अध्यक्ष, पत्रकारहरूको रोहवरमा अबैध घरेलु मदिरा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दक्ष कुमार बस्नेतले जानकारी दिए ।

# मान्छेको साइकोलोजिकल टेस्टको महत्व एकदमै आवश्यक छ



**डा.किशोर अधिकारी**
**निर्देशक, पिपुल डेभलपमेन्ट ल्याब**

○ पिपुल डेभलपमेन्ट ल्याब अर्थात् मानव विकास प्रयोगशाला के हो ?

– पिपुल डेभलपमेन्ट ल्याब भनेको मनोवैज्ञानिक तरिकाले मान्छेको विभिन्न क्षमता, मनोवृत्ति, व्यवहार र अनकन्सेसियस माइन्डमा के छ, उसको प्रतिभा नाप्ने टेक्नोलोजीमा आधारित कम्पनी हो । यसको भूमिकाका बारेमा भन्नुपर्दा खासगरी विश्वका विकसित देशहरूमा पढाईको क्षेत्रमा अथवा ह्युम्यान रिसोर्स म्यानेजमेन्टको क्षेत्रमा सबै ठाउँमा इन्टरभ्यु लिँदा अथवा वर्कर छान्दा मूलरूपमा मनोवैज्ञानिक प्रविधिद्वारा मापन गरिने गर्छ । उनीको लेवल अफ इन्टेलिजेन्स, एबिलिटी मापन गर्ने प्रचलन विकसित देशहरूमा छन् । यस कुरामा हामी अलिकति ढिलो छौं । पिपुल डेभलपमेन्ट ल्याबले मनोवैज्ञानिक क्षेत्रमा काम गर्ने र सँगसँगै डेटा साइन्टिष्ट क्षेत्रमा काम गर्दै आएको छ ।

○ नेपालमा पनि यो प्रविधि हुनुपर्छ भन्ने अवधारणा कसरी आयो ?

– यसको पृष्ठभूमि मूलत: मसँगै जोडिएको छ । म अमेरिकामा पढें, त्यहाँ पढिसकेपछि लगभग ६ वर्षपछि भारतको एक विश्वविद्यालयमा अनुसन्धान र सँगसँगै फेकल्टीको रूपमा काम गर्ने मौका पनि मिल्यो । त्यहीं समयमा इन्डियन इन्सटिच्युट अफ म्यानेजमेन्ट बेंगलोरमा हामी साइकोलोजिकल प्रविधिबाट टेलेन्ट नाप्ने स्ट्याटपमा म एसोसिएटेड भएँ । यो कोर आइडिया मेरै थियो । त्यहाँ मैले त्यो कुराको निरन्तरता दिन सकिनँ, नेपाल आउनुपर्ने भयो । त्यहीं कुरालाई हामीले मिलेर एउटा समूह बनाएर नेपालमा अगाडि बढाएका छौं ।

○ पिपुल डेभलपमेन्ट ल्याब नेपालमा कतिको उपयोगी साबित भएको छ त ?

– पिपुल डेभलपमेन्टका चुनौतीहरू पनि छन् र भविष्यका सम्भावनाहरू पनि छन् । भविष्यको सम्भावनाहरूको कुरा गर्दा एचआर रिलेटेड सबै कुराहरू, विद्यार्थीहरू कुन विषय पढ्ने लगायत सबै कुरामा मनोवैज्ञानिक जाँच एकदमै आवश्यक छ । त्यसकारणले भविष्यमा यसको धेरै सम्भावनाहरू पनि छन् । अहिले हामी यसको प्रयोग हेर्दा धेरै फाइदाहरू हेरिरहेका छौं । सबै ठाउँबाट प्रतिक्रियाहरू पनि एकदमै राम्रो आइरहेका छन् । तर सँगसँगै चुनौतीहरू पनि छन् । किनभने यस्तो खालको प्रविधि र प्रयोग त्यति सामान्य नभएकोले सबैलाई बुझाउनुपर्ने पनि एउटा चुनौती छन् ।

○ अहिलेसम्म नेपालमा कतिसम्म बुझाउन सक्नुभएको छ ?

– हामी अहिलेसम्म विभिन्न कम्पनीहरू, बैंकिङ्ग क्षेत्र र स्कूल कलेजहरूमा पनि गयौं । जहाँ-जहाँ गयौं त्यहाँ बुझेर एकदमै राम्रो प्रतिक्रियाहरू छन् । तर, जुन ठाउँमा एकदमै राम्ररी बुझाउन सकेका छैनौं, त्यहाँ एकखालको अन्योलता पनि छ । त्यसैले सकारात्मकता धेरै छन् । नबुझ्दा केही नकारात्मकता पनि छ । त्यसैले यसका बारेमा विस्तृतमा भन्नुपर्ने आवश्यकता छ ।

○ अहिलेसम्म ल्याबले केकस्ता कामहरू गरेको छ ?

– यो प्रविधि नेपालको हरेक कुनामा पुगोस् भन्ने हाम्रो प्रयास छ । त्यतातिर पनि हामी लागिरहेका छौं । सँगसँगै नेपालमा अलिकति सचेतना जगाउनुपर्ने आवश्यकता पनि छ । यो साइकोलोजिकल टेस्टको फाइदा के छ, यसले के फाइदा हुन्छ भन्ने हिसावले हामी लागिरहेका छौं ।

○ साइकोलोजिकल टेस्टको महत्व के छ ?

– मान्छेको साइकोलोजिकल टेस्टको महत्व एकदमै आवश्यक छ । प्रायजसो व्यक्तिलाई आफ्नै बारेमा सबै कुरा थाहा हुँदैन । यो कुराको पुष्टि वैज्ञानिक अनुसन्धानबाट पनि देखिएको छ । उदाहरणका लागि बेचलरमा के पढ्ने अथवा एसईईपछि के पढ्ने भन्ने कुरामा पनि उसको रूचि, मनोवृत्ति, केमा गर्न सक्ने क्षमता छ भन्ने कुरा हेर्नुभन्दा पनि घरपरिवार, बुवाआमा, साथीभाईले के भन्छन् त्यसकै लहैलहैमा गर्ने गरेको देखिन्छ । त्यसले गर्दा धेरै विद्यार्थीहरू जसले जुन करियर सेलेक्ट गरे त्यसमा सफल नभएको देखिन्छ । साथै लामो समयसम्म त्यसलाई लिएर जानसक्ने योग्य पनि देखिएन । त्यसले गर्दा निराश हुने, दु:खी हुने अवस्थाहरू पनि छन् । यी सबै कुराहरूलाई हेर्दा यदि हामीले बेलैमा साइकोलोजिकल टेस्टिङ्ग गरेर रूचि, मनोवृत्ति, आन्तरिक क्षमता नाप्न सकियो भने भविष्य राम्रो हुन्छ कि भन्ने हाम्रो सोचाइ हो ।

○ समग्रमा भन्नुपर्दा आफूभित्रको क्षमतालाई पहिचान हुन्छ ?

– ल्याबको मुख्य काम भनेको व्यक्तिभित्र रहेको क्षमता र रूचिबारे पहिचान गर्ने नै हो । व्यक्तिहरू जन्मिँदै एक खालको गुण लिएर आउने पनि हुन्छ । त्यो गुणको पनि पहिचान गर्ने । आफू कस्तो खालको व्यक्ति त भन्दाखेरि आफ्नो गुण, क्षमता पनि कसै-कसैले भन्न नसकिने अवस्था हुन्छ । उसको भित्र हुन्छ तर उसले बाहिर ल्याउन सकिरहेको हुँदेन । त्यहीं समस्याहरू मूलरूपमा देखिन्छ । यदि यो प्रविधिबाट उनीहरूले टेष्ट गराउन सक्यो भने आफ्नो क्षमतालाई उजागर गर्न सक्छन् र सँगसँगै आफ्नो आत्मसम्मान पनि हुन्छ । आफ्नो व्यक्तिगत पहिचान जति गर्छ त्यति छिटो आफ्नो व्यक्तिगत विकास गर्न सकियो ।

○ पिपुल डेभलपमेन्ट ल्याबसँग कसरी जोडिन सकिन्छ ?

– प्रविधिमा आधारित हाम्रो सिस्टम भएकोले सजिलो छ । www.pdl.com.np मा भिजिट गर्नुभयो भने त्यसमा लगइन गरेपछि त्यसमा साइकोलोजिकल टेस्ष्ट गर्न सकिन्छ । त्यसको बारेमा बुझ्न सकिन्छ । सँगसँगै घरमै बसेर मोबाइल, कम्प्युटरबाट टेष्ट लिन सकिन्छ । अलि विस्तृत जानकारी लिनुपर्‍यो भने त्यहीं साइटमा हाम्रो सम्पर्क नम्बरहरू पनि उपलब्ध छ र फोन गरेर बुझ्न सकिन्छ । अहिले कोभिड-१९ को जुन महामारी छ, यस्तो विपदको बेलामा सबैलाई सजिलो होस् भनेर हामीले नि:शुल्क पनि गरेका छौं । यो महामारीका बेला सबैमा एक खालको त्रासको अवस्था छ । यस्तो अवस्थामा नि:शुल्करूपमा घरमै बसी सबैले टेस्ट गर्न पाउनुभयो भने मानसिक तनाव पनि हट्छ । भोलीको दिनमा आफूले के गर्न सक्छौं त्यसको योजना पनि बनाउन सजिलो हुन्छ ।

## विश्व परिवेश

# अमेरिकी राष्ट्रपति ट्रम्पको दाबी : चीनको ल्याबबाट कोरोना भाइरस फैलिएको प्रमाण छ



एजेन्सी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनको ल्याबबाट कोरोना भाइरस फैलिएको प्रमाण आफूसँग रहेको बताएका छन् । पत्रकार सम्मेलनमा उनले आफूले त्यो कुरा प्रत्यक्ष देखेको दाबीसमेत गरे । ट्रम्पले चीनको वुहानस्थित इन्सटिच्युट अफ भायरोलोजीमा भएको असावधानीका कारण कोरोना भाइरसको संक्रमण विश्वभर फैलिएको दाबी गर्दै आएका छन् ।

बिहीबार रातिको प्रेसमिटमा एक पत्रकारले ट्रम्पलाई पूरा विश्वासको साथ तपाईंले चीनको ल्याबबाट कोरोना भाइरस फैलिएको भनिरहनु भएको छ, तपाईंसँग त्यसको प्रमाण छ भनेर सोधेका थिए । त्यसको जवाफमा ट्रम्पले भने, 'छ मसँग । मैले देखेको छु ।'

उनले चीनले कोरोना भाइरस फैलाउने काम जानीजानी गर्यो कि गल्तीका कारण भयो भन्नेबारे भने स्पष्ट नभएको बताए । यसको जवाफ पाउन बाँकी रहेको ट्रम्पले बताए । ट्रम्पले विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले चीनको पक्षपोषण गरेको आरोप लगाए । उनले यसमा डब्ल्यूएचओलाई लाज लाग्नुपर्ने टिप्पणी गरे ।

उनले भने, 'डब्ल्यूएचओले चीनको पब्लिक रिलेसन जसरी काम गरेको छ ।' सन् २०१९ को डिसेम्बर अन्तिम साता चीनको वुहानबाट कोरोना भाइरसको संक्रमण सुरू भएको थियो । अहिले यस संक्रमणबाट अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । विश्वभर ३२ लाख भन्दा बढी संक्रमित र २ लाख ३१ हजारभन्दा बढीको ज्यान गइसकेको छ ।

# भारतमा कामदारलाई एकबाट अर्को राज्य आउजाउ खोलिँदै

नयाँदिल्ली । भारतले लकडाउनका कारण अलपत्र कामदार, विद्यार्थी र पर्यटकलाई एकबाट अर्को राज्य जान खुला गरेको छ । दोस्रो चरणको लकडाउन सकिन केही दिन मात्र बाँकी रहँदा गृह मन्त्रालयले बुधबार यस्तो निर्देशन दिएको हो । लकडाउनका कारण विभिन्न ठाउँमा अलपत्र परेका प्रवासी कामदार, तीर्थयात्री, विद्यार्थी, पर्यटक र अन्य व्यक्तिलाई आउजाउ खुला गरिएको गृहसचिव अजय भल्लाद्वारा जारी निर्देशनमा उल्लेख छ ।

दोस्रो चरणको लकडाउन मे ३ मा सकिँदै छ । दुई राज्यबीचको समझदारीमा आउजाउ खुला गर्दा सामाजिक दूरी र स्यानिटाइज्डको व्यवस्था भने कायमै हुनुपर्ने मन्त्रालयले जनाएको छ । कोभिड-१९ को लक्षण नभएकालाई यात्रा अनुमति दिइने तर गन्तव्य पुगेपछि सम्बन्धित राज्य सरकारले उनीहरूको स्वास्थ्य परीक्षण गर्नुपर्ने निर्देशनमा उल्लेख छ । मन्त्रालयले मे ४ देखि लागू हुने गरी कोभिड-१९ संक्रमण नियन्त्रण र रोकथामबारे नयाँ दिग्दर्शन जारी गर्दै छ ।

केही समययता गुजरात र महाराष्ट्रमा अलपत्र उत्तर प्रदेश र विहारका कामदारले गाउँ फर्कन पाउनुपर्ने माग राखी प्रदर्शन गर्दै आएका छन् । कतिपय ठाउँमा झडपसमेत भएको थियो ।

उत्तर प्रदेश, मध्य प्रदेश, विहार, महाराष्ट्र, हरियाणालगायत राज्यले सरकारको निर्देशनअघि नै अलपत्र कामदारको नाम दर्ता गर्न थालिसकेका छन् । कतिपयले ओसार्नसमेत थालिसके । हिमाचल सरकारले पनि कश्मीरमा रोकिएका श्रमिकलाई फिर्ता ल्याउन पहल गरिरहेको छ । त्यसरी आएकालाई १४ दिन क्वारेन्टाइनमा राख्ने व्यवस्था गरिएको छ ।

दिल्ली र हरियाणामा अलपत्र परेका आफ्ना नागरिकलाई उत्तर प्रदेशले सम्बन्धित जिल्ला सदरमुकाममा छाड्न सुरू गरेको छ । सञ्चारमाध्यमका अनुसार मुख्यमन्त्री योगी आदित्यनाथले दुई महिनाभित्र करिब १० लाख जना फर्कने भन्दै आवश्यक तयारी गर्न जिल्ला प्रमुखहरूलाई निर्देशन दिएका थिए । कामदारको आवागमन ध्यानमा राख्दै सरकारले रेल्वे सेवा पनि नियमित गर्ने तयारी थालेको छ । सामाजिक दूरी राखेर रेल सञ्चालनको तयारी गरिएको उच्च अधिकारीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएका छन् । दोस्रो चरणको लकडाउनलगत्तै विदेशमा अलपत्र परेका भारतीयलाई स्वदेश फर्काउने तयारीसमेत हुँदै छ ।

**भोजपुरी भाषामा**

**हमनीसबके जिम्मेवारी, कोरोना भाइरस संक्रमणके रोकेला अपनावल जाऊ होसियारी:**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण ह ।
- संक्रमित भइल आदमी खोकला आ छिँकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलेला ।

**यी रोगसे बचैके का कर परि ?**

- खोकैके आ छिँकैके समय नाक आ मुख निमनसे तोपेके । आ प्रयोग कइलगेल टिसूपेपरके तुरन्त फोहोर विगेवाला कुडादानीमे विगैके ।
- समय समयमे सावुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगाबैके । केकरोसे मिलजाइके समय हात नमिलाबैके । मात्र प्रमाण आ नमस्कार करेके ।

**आ, काथि ना करैके ?**

- खोकी लागेल आदमीसे दुरी बनाके रहैके ।
- आ अपनहूके खोकी लागलबा त दोसरो आदमीसे दुरीमे रहेके ।
- भीडभाडमे नजायके आ दोसोरो लोगके भीडभाडभेल जगहमे नजायला सम्झावेके ।

**आ ध्यान देवेवाला बातः**

- बोखार लगलापर, खोकी अइलापर, आ सँस लइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेल पैसा नालागेवाला टेलिफोन नं. ११११५ मे फोन कर सकैनि ।
- मत हडवडाई, और सतर्क बनी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## जिल्ला समाचार

### स्वास्थ्यलाई प्राथमिकतामा राख्ने तयारी

जनकपुरधाम । स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिँदै प्रदेश २ सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउने तयारी गरेको छ । चालु आर्थिक वर्ष २०७६/७७ मा कृषिलाई प्राथमिकता दिएको प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिँदै बजेट ल्याउने तयारी गरिरहेको प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमार यादवले बताए । उनका अनुसार दोस्रो प्राथमिकतामा कृषि क्षेत्रलाई राखिएको छ । बजेट सन्दर्भमा सात वटै प्रदेशका अर्थमन्त्री सम्मिलित अर्थपरिषद् समन्वय समितिको बैठक अनलाइनमार्फत नै हुने र त्यो छलफलपछि संघबाट आवश्यक निर्देशन आएपछि बजेट निर्माण थालिने यादवले जानकारी दिए । 'जुन छलफल हुन्छ र जसरी निर्देशन आउँछ त्यही तरिकाबाट बजेट ल्याइने छ' उनले भने । उनले पुँजीगत खर्च न्यून भएको समयमा संवैधानिक व्यवस्थाभित्रै रहेर बजेट ल्याइने बताए । चालु आवमा प्रदेश सरकारले प्रदेश २ सरकारले ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार रूपैयाँको बजेट ल्याएको छ । चालुतर्फ १९ अर्ब ११ करोड ९७ लाख ३८ हजार र पुँजीगततर्फ १९ अर्ब २६ करोड ५४ लाख ६४ हजार रूपैयाँ रहनेगरी प्रदेश सरकारले बजेट ल्याएको छ । तर, यसपटक कति ल्याउने भन्ने विषयमा सोच्न नसकिएको मन्त्री यादवले बताए ।

### वडाध्यक्षमाथि दुर्व्यवहार एवं हातपातको प्रयास

पर्सा । वीरगंज महानगरपालिका वडा नं. १७ अलौंकी वडा अध्यक्ष सुखरानी देवी यादवले आफु र वडा सदस्यहरूमाथि सर्वदलीय समिति भनाउँदाहरूले दुर्व्यवहार एवं गालीगलौज गरेको आरोप लगाएकी छिन् । वडा नं. १७ छुट्टै सर्वदलिय समिति गठन गरेर आ–आफनो मनोमानी तरिकाले राहत वितण गरी विवाद गर्न खोजिएको आज वडा समितिमै पत्रकार सम्मेलन गर्दै अध्यक्ष यादवले आरोप लगाएकी छिन् । वडा समितिलाई नसमेटेर आ–आफनो मनोमानी तरिकाले सर्वदलिय समितिले अलौंको पानीटंकी टोलमा वितरण गरेको राहतमा कुहिएको चामल भेटिएपछि स्थानियले वडा समितिमा आएर गुनासो गरेका थिए । जनताको गुनासो सुनेर राहत वितरण गरिएको प्रहरी सहितको टोलमा सोधपुछ गर्न जाँदा अनावश्यक विवाद गर्दै आफूमाथि सर्वदलिय समितिका सदस्यहरूले गाली गलौज गर्दै दुव्यर्वहार गरेको अध्यक्ष यादवले आरोप लगाईन । विवाद भएपछि राहत वितरणमा भेटिएको कुहिएको चामल प्रहरीले परिक्षणको लागि लगेको छ । सरकारले नै एकद्धार प्रमाणलीबाट राहत वितरण गर्नुपर्ने निति नै लागु गरेको छ । तर यहाँका आफूलाई अगुवा बताउँने केहि पार्टीका नेताहरूले आफनो राजनितिक वर्चस्व बनाउनको लागि राहत वितरणमा मनोमानी गर्न खोजेको उनले बताइन् । वडा समितिले हाल सम्म करिब ८ सय जना गरिब, अतिविपन्न परिवारलाई निश्पक्ष रूपमा राहत वितरण गरेको जनाएको छ । सर्वदलिय समितिमा रहेको संजु क्षतकुली, कृष्णदेव यादव, कनवर मंसुरी, हरीनायाराण प्रसाद यादव, प्रदीप साह र हरेन्द्र यादव लगायतले गाली गलौज गर्दै आफूमाथि हातपातको प्रयास समेत गरेको हुनाले यिनिहरूलाई पक्राउ गरी आवश्यक कारवाहीको माग समेत वडा समिति कार्यालयले गरेको छ ।

### भारतमा रोकिएका नेपाली मजदुर घर फर्किए

कैलाली । कोभिड-१९ ले त्रसित बनाएपछि भारतमा मजदुरी गर्न गएका नेपाली धमाधम स्वदेश फर्कन थालेका छन् । भजनी नगरपालिका-४ कैलालीका दलबहादुर बुढा पनि एक महिना भारतीय क्वारेन्टाइनमा बसेपछि स्वेदश फर्किए । रोजगारी खोज्न भारतका कालापहाडमा गएका बुढासँगै एक महिनादेखि धार्चुला भारतमा क्वारेन्टाइन बसेका सबै नेपाली स्वदेश फर्किएका हुन् । चौतीस दिन भारतको क्वारेन्टाइनमा दुःखकष्ट सहेर स्वदेश फर्किएका नेपाली आफ्नो गाउँमा आउन पाएकामा निकै खुशी छन् । दार्चुला जिल्लाका दुई नाका दत्तु र खलङ्ग तथा बैतडीको झुलाघाट नाका भएर नेपालीको उद्धार गरिएको छ । सदरमुकाम खलङ्गाको पुलघाँटबाट आएकाहरूलाई महेन्द्र नमूना मावि खलङ्गा र दत्तुमै स्वास्थ्य जाँच गरिएको छ । स्वास्थ्य जाँचपछि अधिकांशलाई घर पठाइएको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताए । बैतडी, बझाङ र दार्चुलाका विभिन्न स्थानीय तहका व्यक्तिलाई सम्बन्धित स्थानीय तहकै क्वारेन्टाइनमा व्यवस्थापन गर्ने गरी पठाइएको उनले बताए । नेपाल भित्रिएका कैलाली कञ्चनपुरलगायत अन्य जिल्लाका नागरिक पनि पठाउने तयारी भइरहेको छ । धार्चुलाका विभिन्न क्वारेन्टाइनमा राखिएका नेपालीमध्ये बैतडी र बझाङका नागरिकलाई दत्तु नाकाबाट ल्याइएको छ भने दार्चुलालगायत अन्य जिल्लाका नागरिक खलङ्गा नाकाबाट नेपाल भित्र्याएको हो ।

### दशगजामा अलपत्र भारतको क्वारेन्टाइनमा

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपाल-भारत सीमा क्षेत्र दशगजा क्षेत्र कपिलवस्तुको सिमावर्ती नाकाबाट आएका ३ यस ५३ नेपाली नागरिकलाई भारतका सुरक्षाकर्मीले जिम्मा लिएका छन् । भारतमा कोरोना तीव्र रूपमा फैलिएसँगै नेपालका विभिन्न स्थानबाट भारतमा मजदुरी गर्न पुगेका सर्वसाधारण फर्केर नेपालतर्फ नियमित रूपमा आइरहेका थिए । नेपालका सुरक्षाकर्मीले नियन्त्रणमा लिएपछि उनिहरूलाई प्रमुख जिल्ला अधिकारी दिर्घनारायण पौडलले भारतीय पक्षका अधिकारीहरूसँग कुरा गरेपछि बुधवार मर्जादपुर नाकामा रहेका ८८ जना नेपालीलाई भारतीय सुरक्षाकर्मीको जिम्मा लगाइएको छ । भारतले सिद्धार्थनगर जिल्ला थाना शोहतगढको रमवापुर माध्यमिक विद्यालयको क्वारेन्टनमा राखेको छ । भारतमा काम नपाउने कम्पनी बन्द हुने गरेपछि खान बस्न समस्या परेपछि अलपत्र परेपछि उनीहरू नेपाल फर्केका हुन् । भारत सरकारले सीमाबाट ती नेपालीलाई सहज रूपमा नेपाल छिर्न अनुमति दिएपछि अहिले उनीहरू कपिलवस्तुको सीमा क्षेत्र चाकरचौडा, मर्जादपुर, कृष्णनगर लगायतका नाकामा अलपत्र अवस्थामा छन् । उनीहरूले भारतबाट निर्बाध रूपमा नेपाल छिर्न अनुमतिपाएको र नेपालआएको बताएका छन् । उनीहरूकाअनुसार भारतीयसिमा सुरक्षा बल (एसएसबी) ले आफूहरूलाई घर पठाइदिन सहयोग गरेको बताइएको छ । मर्जादपुर नाकाका ८८ जनालाई भारत तर्फ व्यवस्थापन गरिएपनि यशोधरा गाउंपालिका ६ रंगपुर सिमामा रहेका २० जना भने सिमामा नै छन् १ जना ६ महिनाको गर्भवती महिला रहेको सदस्य पाण्डेयले बताए । त्यस्तै हरदौर्ना नाकामा पनि एक जना गर्भवती महिला रहेकी छन् । प्रमुख जिल्ला अधिकारी दिर्घनारायण पौडलले गृह मन्त्रालयले लग डाउनको समयमा कोहीलाई पनि नेपाल छिर्न नदिन परिपत्र आएको कारण नेपालमा सहज रूपमा ल्याउने वातावरण नभएको बताए । तर पनि कसरी नेपाल वा भारतमा क्वारेन्टाइनमा व्यवस्थापन गर्ने बारेमा भारतिय सुरक्षाकर्मी र नेपालमा स्थानीय तहहरूसंग नियमित छलफल गरिरहेको उनले बताए ।जसको कारण ८८ जनालाई व्यवस्थापन गरिएको र अन्यलाई पनि व्यवस्थापन गर्ने उनले बताए ।

### वीरगन्ज महानगरलाई सेनिटाइज गर्दै

वीरगंज । कोरोना भाइरस तथा कोभिड १९ को प्रकोपले विश्व नै आक्रान्त बन्न पुगेको छ । हालसम्म विश्वभरि लाखौं मानिसले यस रोगबाट आफ्नो ज्यान समेत गुमाई सकेका छन् । विश्व स्वास्थ्य संगठनले यस रोगको कुनै औषधि उपचार नरहेको जिकिर गर्दै आएता पनि सामाजिक दूरी तथा व्यक्तिगत साफसफाई नै यसको मुख्य उपचारहरू मध्य एक रहेको बताएको छ । यही यथावत कुराहरूलाई मनन् गर्दै स्व गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले वीरगंज महानगरलाई सोडियम हाईपोक्लोराईट नामक सर्फेस सेनेटाईजरबाट महानगरको अधिकांश वडाहरूलाई सेनेटाईज गरिसकेको फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुद्दिनले बताएका छन् । वीरगंज महानगरको ३२ वटै वडाहरू सेनेटाईज गरिने फाउण्डेशन पर्साका सदस्य मनोज राउत कुर्मीले जानकारी गराएका हुन् । सदस्य कुर्मीका अनुसार हालसम्म वीरगंज महानगरको १ देखि वडा नं २५ सम्म सेनेटाईज गरिसकिएको उनले बताए । बाँकी रहेका वडाहरू सेनेटाईज भइरहेको तथा एक हप्ताभित्र सम्पूर्ण वडाहरू सकाउने फाउण्डेशन पर्साका सचिव धिरज गुप्ताले बताए । अगामी दिनहरूमा पनि पर्साका जनता तथा गरिब नागरिकहरूलाई फाउण्डेशनले परेको बेला यथासम्भव सहयोग गर्ने प्रतिबद्धता फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनले बताएका छन् ।

### रक्तदान कार्यक्रमबाट ६७ पिन्ट रगत संकलन

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी विराटनगर महानगरपालिका वडा नं. ११ शाखा कमिटीको आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । विराटनगर-११ स्थित श्री जनपथ मा.वि मा मङ्गलबार सम्पन्न भएको रक्तदान कार्यक्रममा कुल ६७ जना रक्तदाताहरूबाट रगत संकलन भएको छ । लकडाउनका कारण विराटनगरको ब्लड बैङ्कमा रगतको अभाव सिर्जना भएपछि रक्तदान कार्यक्रमको आयोजना गरिएको नेकपा विराटनगर महानगर कमिटीको अध्यक्ष सागर थापाले बताए । त्यस्तै नेकपा ११ नं. वडा कमिटीकी अध्यक्ष ममता प्रधानले रगतको अभावमा ज्यान गुमाउन बाध्य हुनु नपरोस् भन्ने धारणा व्यक्त गर्दै सम्पुर्ण रक्तदाताहरूलाई धन्यवाद ज्ञापन गरे । नेपाल रेडक्रस सोसाइटी मोरङ्गको प्राविधिक सहयोगमा रहेको उक्त कार्यक्रममा युवा तथा प्रौढ उमेर समुहकाले रक्तदान गरेका थिए ।

# उखु किसानहरू दोहोरो मारमा



राकेश मिश्र

कोरोना महामारीका बेला उखु किसानहरू दोहोरो मारमा परेका छन् । उनीहरूको अवस्था एकदमै दयनीय हुँदै गएको छ । किसानले आफ्नो उखु उपज बिक्री वितरण गर्न पाइरहेका छैनन् । त्यहाँ केही उपलब्धता छैन, काम गर्ने अवस्था छैन । यस्तो बेलामा किसानहरूको बाँकी रहेको भुक्तानी अनुदानको पैसा सरकारसँग लिनुपर्ने छ र चिनी उद्योगीहरूसँग पनि लिनुपर्ने छ । लकडाउनको अवस्थामा किसानहरूले ऋण लिएर खाइरहेका छन्, कतिपयले माँगेर खान परिरहेको छ । यो अवस्थामा उसको आफ्नै पैसा सरकारसँग र उद्योगीसँग पनि लिन बाँकी छ । त्यो पैसा सरकार र उद्योगीले यदि अहिलेको अवस्थामा दियो भने सरकारको पनि जयजयकार हुन्थ्यो । सरकार किसानप्रति जवाफदेहिता रहेको छ र हितकारी सरकार हो भन्ने सन्देश पनि जान्थ्यो । तर, किसानको पैसा कोलेनिकामा गएर अड्किरहेको अवस्था छ । सर्लाहीको उखु किसानको हकमा काठमाडौंबाट पैसा सर्लाही पुग्यो तर विभिन्न बखेडाहरू देखाएर पैसा दिइरहेको छैन । फागुनकै पहिलो साता पुगेको पैसा अहिलेसम्म किसानले पाउन सकेको छैन । जबकि सरकारी कार्यालयको काम त लकडाउनको अवस्थामा पनि हुन सक्छ । काठमाडौंबाट पैदा सर्लाही गइसकेको छ भने किसानहरूको खातामा ट्रान्सफर मात्रै गर्नुपर्ने छ । यस्तो काम पनि गरेर किसानलाई यो सरकारले हेपेको छ । झन् पीडा दिएको छ, यो ज्यादै नै पीडाजनक अवस्था छ । सरकारले समयमै ध्यान पुर्‍याएर यही लकडाउनको अवधिमा किसानको भुक्तान दिनुपर्ने हो । किसानको पैसा दिन धेरै समय पनि लाग्दैन, एक दिनको काम हो । सरकारी कर्मचारीहरूलाई सरकारले यदि निर्देशन दियो भने सजिलै किसानको खातामा पैसा जान सक्छ ।

कोलेनिकाले भन्छ कि उद्योगीहरूले रेकर्ड बुझाएन । फागुनमै सबै भुक्तानी दिनुपर्ने थियो । अहिले तीन-तीन महिना भइसकेपछि पनि उद्योगीहरूले रेकर्ड बुझाएन भने कोलेनिकाले किन खोजी गरेन ? सरकारले किन कारबाही गरेन ? यसरी एकले अर्कोमाथि आरोप लगाउने र झारा टार्ने काम मात्रै गर्दै आइरहेको सरकार । सरकारको यस्तो कार्यलाई जति निन्दा गरेपनि कम हुन्छ । सरकारको यो किसान विरोधी कार्य हो ।

सरकारले हामीसँग सम्झौता गर्‍यो, माघ ७ गतेभित्र सबै पैसा दिने भनेर वचनबद्धता साथ लिखित सम्झौता नै गर्‍यो । दुई तिहाइको सरकार जसले लिखित सम्झौता गर्‍यो, उसले बैशाख कट्न लाग्दा पनि पैसा दिलाउन सकेन । अहिले हामी निरन्तर चिनी उद्योगीको सम्पर्कमा पनि छौं र सरकारको सम्पर्कमा पनि छौं । फोनमा कुरा गर्दा छिट्टै जान्छ भनेर आश्वासन मात्रै दिँदै आएको छ । हामीले चैत ४ गतेदेखि आन्दोलनको घोषणा गरेका थियौं । तर कोरोना महामारीको कारण आन्दोलन स्थगित गर्नुपर्‍यो । नत्र हामी सडक आन्दोलनबाट नै पैसा लिएरै छाड्थ्यौं । जसरी हामी अहिले कोरोना महामारीका कारण घरमा बसिरहेका छौं, त्यसको नाजायज फाइदा सरकारले उठाइरहेको छ । उद्योगीले यस्तो विपद्को घडीमा पैसा दियो भने जीवनयापन गर्न सजिलो हुन्थ्यो । उसैको पैसा हो, उसले मेहनत गरेर पसिना बगाएर कमाएको पैसा हो । उद्योगसँग ऋण वा भीख मागेको छैन किसानले । किसानले पसिना बगाएको पैसा पनि यस्तो त्राहिमाम अवस्थामा पनि नपाउनु भनेको यो देशमा सरकार छँदैछैन, सरकारको अनुभूति नै किसानले गर्न पाएका छैनन् । त्यसकारणले यस्तो निकृष्ट, किसानमारा काम रोकिनु पर्दछ । तुरून्त एक दुई दिनभित्रै उद्योगी र सरकारले दिनुपर्ने सम्पूर्ण पैसा किसानहरूको खातामा दिनुपर्दछ । होइन भने लकडाउन सम्पन्न भइसकेपछि घनघोर आन्दोलन गर्ने नै छौं । आन्दोलनमा जानु हाम्रो रहर होइन, आन्दोलन गर्न नपरोस् । काठमाडौंमा आएर किसानले फेरि दु:ख भोग्नु नपरोस् भनेर सरकारलाई चेताउँदैछौं । यस्तो लकडाउनको अवस्थामा किसानको घरघरमा पैसा गयो भने किसानहरूलाई राहत हुन्छ । एक त सरकारले राहत दिँदैन ।

# सेनाले ५३ प्रकारका स्वास्थ्य सामग्री ल्याउँदै

काठमाडौं । नेपाली सेनाले स्वास्थ्य सामाग्री खरिदका लागि भारतीय कम्पनीसँग सम्झौता गरेको छ । नेपाली सेनाले उत्तरी छिमेकी चीनसँगै भारतबाटसमेत स्वास्थ्य सामाग्री ल्याउने भएको हो । सेनाले पराष्ट्र मन्त्रालयको समन्वयमा भारतको सरकारी औषधि कम्पनी बीपीपीआईसँग कोरोना भाइरस संक्रमणको उपचारमा चाहिने विभिन्न ५३ प्रकारका स्वास्थ्य सामाग्री ल्याउन लागेको हो ।

एक करोड ५० लाख भारतीय रूपैयाँ बराबरको औषधि अन्य स्वास्थ्य सामाग्री खरिद सम्झौता गरेको नेपाली सेनाले जनाएको छ । हाल त्यसका लागि नेपालस्थित पराष्ट्र मन्त्रालयको सहयोगमा भारतस्थित नेपाली दूतावसले समन्वय गरिरहेको छ । उक्त कम्पनीलाई औषधि खरिदका लागि रकम पठाउने अन्तिम तयारी भएको नेपाली सेनाका प्रवक्ता सहायकरथी विज्ञानदेव पाण्डेले बताए । उक्त औषधि बीपीपीआई कम्पनीले दिल्लीस्थित नेपाली दूतावासलाई हस्तान्तरण गर्नेछ ।

प्रवक्ता पाण्डेका अनुसार भारतबाट ल्याइने स्वास्थ्य स्वास्थ्य सामाग्रीमा मुख्यरूपमा कोरोना भाइरसका बिरामीको उपचारका लागि प्रयोग गरिँदै आएको औषधीहरू रहेको बताए ।

# नेपालमा अडि्कएका आफ्ना नागरिकको भारतले उद्धार गर्ने

काठमाडौं । भारत सरकारले नेपालमा रहेका उसका नागरिक र भारतमा अड्केका नेपाली नागरिकलाई आआफ्ना मुलुक फर्काउन आवश्यक कदम उठाउने भएको छ । कोभिड १९ का कारण नेपालमा अड्केका भारतीय नागरिकलाई स्वदेश फर्काउने निर्णय सरकारले गरेको छ । सर्वोच्चका न्यायाधीश अशोक भूषणको नेतृत्वको इजलाससमक्ष प्रस्तुत हुँदै भारतका सोलिसिटर जनरल तुषार मेहताले त्योसँगै भारतमा रहेका नेपालीहरूलाई नेपाल फर्कन आवश्यक सहयोग पुऱ्याइने बताएका छन् । सर्वोच्चले सरकारका तर्फबाट दिइएको आश्वासनको पृष्ठभूमिमा कुनै आदेश दिनुनपर्ने बताएको छ । हाल उत्तराखण्डको पिथौरागढमा २१४ जना नेपालीहरू स्वदेश प्रवेश गर्न नपाई त्यत्तै अडि्कएको जानकारी पनि अदालतलाई दिइएको थियो ।

# दिल्लीका ११ जिल्ला उच्च जोखिममा

नयाँदिल्ली । भारतको दिल्ली प्रदेशका ११ जिल्लालाई उच्च जोखिमको सूचि (रेड जोन) बाट तत्काल नहटाइने भएको छ । दिल्ली प्रदेशका स्वास्थ्य मन्त्री सत्यन्द्र जैनले यही मे १७ तारिखसम्म ११ जिल्लालाई उच्च जोखिमको सूचिबाट नहटाइने शनिबार जानकारी दिएका हुन । कुनै पनि जिल्लामा कोरोनाभाइरसबाट संक्रमित विरामीको संख्या दशभन्दा बढी भएमा त्यस जिल्लालाई उच्च जोखिमको जिल्लाका रूपमा सूचिकृत गरिने व्यवस्था रहेको पनि उनले जानकारी दिए । केन्द्रीय स्वास्थ्य मन्त्रीले पनि शुक्रबार देशभरका १३० जिल्ला उच्च जोखिमपूर्ण जिल्लाको सूचिमा रहेको बताएका थिए । यही मे ४ तारिखदेखि देशव्यापी लकडाउनको म्याद फेरी थप्ने निर्णय भएकैदिन उनले रेड जोनमा रहेका जिल्लाहरूको सूचि बनाइएको जानकारी दिएका हुन् । उनका अनुसार देशभरका २८४ जिल्लालाई "ओरेन्ज जोन" र ३१९ जिल्लालाई "ग्रिन जोन"का रूपमा सूचिकृत गरिएको छ । मन्त्री जैनले केन्द्रीय राजधानी प्रदेशमा कोरोनाभाइरसबाट संक्रमितको संख्या शनिबारसम्म तीन हजार ७३८ पुगेको जानकारी दिए । दैनिक रूपमा सङ्क्रमित हुने र मुत्यु हुनेको संख्यामा कमी नआएपछि सरकारले देशव्यापी लकडाउनलाई थप दुइ साताको लागि लम्बाएको छ । भारतले मे ४ देखि लागू हुने गरी थप दुइ साताको लागि तेस्रो चरणको लकडाउन गर्ने निर्णय शुक्रबार गरेको हो । भारतमा पहिलो चरणको लकडाउन २४ मार्चमा लगाइएको थियो ।

# भारतमा घट्यो ग्यासको मूल्य

नयाँ दिल्ली । भारतमा खाना पकाउने ग्यासको मूल्य घटेको छ । भारतका इन्धन मार्केटिङ कम्पनीहरूले ग्यासको मूल्य घटाएका भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । भारतको राजधानी नयाँ दिल्लीमा आजदेखि सिलिन्डरमा १६२ भारू मूल्य घटेको छ । भारतमा प्रत्येक महिनाको पहिलोदिन ग्यासको मूल्यमा हेरफेर हुने गरेको छ । तीन महिना यता भारतमा ग्यासको मूल्य घटिरहेको छ । कोरोना भाइरसको महामारीकाबीच विश्वमा पेट्रोलियम पदार्थको मूल्यसमेत घटेको छ ।

# सीमामा हजार सशस्त्र प्रहरी परिचालन

बुटवल । रूपन्देही प्रशासनले कोरोना संक्रमण भित्रिन नदिन भारतीय सीमा क्षेत्रमा सुरक्षा सतर्कता उच्च बनाएको छ । बेलहिया भन्सार नाकाबाट खाद्यान्नका मालवाहक सवारी साधनबाहेक भारतसँग सीमा जोडिएको रूपन्देहीको दक्षिणी भेगबाट कसैलाई पनि प्रवेश गर्न नदिएको प्रशासनले जनाएको छ । बेलहियादेखि कपिलवस्तुको सीमा क्षेत्रसम्मको ६० किलोमिटर दुरीमा ८९ वटा अस्थायी चेकपोस्टमा एक हजार सशस्त्र प्रहरी परिचालन गरिएको छ । एउटा पोस्टबाट अर्को पोस्टसम्म मानिस आउजाउ गरेको देख्न सकिने गरी पोस्ट खडा गरी चौबीसै घण्टा ड्युटी गर्ने गरी प्रहरी तैनाथ गरिएको सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले बताए । लकडाउनका कारण रोकिएका एकसय ५४ जना भारतीयलाई २४ दिन नेपालको क्वारेन्टाइनमा राखेपछि भारत पठाइएको र दुई सय १३ जना नेपालीलाई पनि सीमापारिबाट नेपाल ल्याइएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले बताए । रूपन्देहीमा अझै ४८ जना भारतीय नागरिक बुटवल, तिलोत्तमा, देवदह, सैनामैना र मायादेवी गाउँपालिकाको क्वारेन्टाइनमा रहेका रूपन्देही प्रहरी प्रमुख एसपी हेमकुमार थापाले बताए । उनीहरू नेपालका विभिन्न विकास आयोजनामा काम गर्दै आएका हुन् ।

# लकडाउन थप दुइ साता लम्बियो

नयाँ दिल्ली । भारतमा लागु भइरहेको लकडाउनको अवधि फेरी दुई हप्ता थप गरिएको छ । भारतको केन्द्रीय गृह मन्त्रालयले यही मे ४ देखि गणना हुनेगरी थप दुई हप्ता लकडाउन लम्व्याउने निर्णय भएको शुक्रबार घोषणा गरेको हो । भारतमा यसअघि घोषणा गरिएको लकडाउनको अवधि यही मे ३ तारिखका दिन सकिने तय भएको थियो । प्रकोप व्यवस्थापन ऐन २००५ अनुसार लकडाउनको अवधि बढाउने निर्णय भएको मन्त्रालयका अधिकारीहरूले जनाएका छन् ।

# आर्थिक समाचार

## नेपाल लाइफ २०औं वर्षमा प्रवेश

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड आफ्नो स्थापनाको १९ वर्ष पूरा गरी २०औं वर्षमा प्रवेश गरेको छ । वि.स. २०५८ साल बैशाख २१ गते स्थापना भई बीमित, सेवाग्राहीहरूलाई निरन्तर उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । देशले भोगिरहेको यस विषम् परिस्थितिको सामना गर्न अग्रमोर्चामा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, खाद्यान्यलगायत अत्यावश्यक सामग्री उपलब्ध गराउने सबैलाई उच्च सम्मान प्रकट गर्दछ, कम्पनीले जारी गरेको विज्ञप्तिमा जनाएको छ । २० औं वर्ष प्रवेशको उपलक्ष्यमा नेपाल लाइफका सम्पूर्ण कर्मचारीहरूको आफ्नो तर्फबाट ८ लाख ४७ हजार ५ सय रूपैयाँ बराबरको नगद, खाद्यान्न तथा अत्यावश्यक सामग्रीहरूसहयोग स्वरूप प्रदान गरेको छ । उक्त रकमले सातै प्रदेशका विभिन्न स्थानहरूमा रहेकाअनाथ, महिला तथा बृद्ध–बृद्धालाई राहत प्रदान गरेको कम्पनीले जनाएको छ । जस अन्तर्गत प्रदेश नं. १ मा प्रदेश सरकारले स्थापना गरेको 'प्रदेश नं. १ कारोना जनसुरक्षा कोष' मा रू. १ लाख २१ हजाररकम प्रदान गरेको छ । त्यसैगरी प्रदेश नं. २ भित्र रहेका विभिन्न अनाथाश्रम, महिला आश्रम तथा बृद्धाश्रमहरूमा खाद्यान्न, अत्यावश्य वस्तुहरू, लत्ता कपडा, पानी ट्यांकी, पंखा, इन्भटर लगायत सहयोग गरेको छ । बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशमा सम्बन्धित प्रदेश भित्र रहेको विभिन्न अनाथाश्रम तथा बृद्धाश्रमहरूमा खाद्यान्न तथा अत्यावश्यक वस्तुहरू प्रदान गरेको छ । नेपाल लाइफ इन्स्योरेन्सका सम्बन्धित प्रदेशका क्षेत्रीय प्रमुखको नेतृत्वमा कर्मचारीहरूले उक्त सहयोग गरेको कम्पनीले जारी गरेको विज्ञप्तीमा जनाएको छ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले यस अघि नै कोरोना भाइरस (कोभिड-१९) महामारीको रोकथाम तथा नियन्त्रणका निम्ति नेपाल सरकारले स्थापना गरेको 'कारोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष' का लागि रू. १ (एक) करोड रकम योगदान गरिसकेको छ । २० औं वार्षिकोत्सवको अवसरमा प्रमुख कार्यकारी अधिकृत विवेक झाले बीमा समिति, बीमित, शेयरधनी, सञ्चालक समिति, नियमनकारी निकाय लगायत कर्मचारी, अभिकर्ता तथा सरोकारवालाहरूलाई हार्दिक कृतज्ञताका साथै धन्यवाद व्यक्त गरे ।

साथै यस अवसरमा सम्पूर्ण कर्मचारी तथा अभिकर्ताहरूले बीमा क्षेत्रमा नेपाल लाइफको माध्यमबाट पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद दिनुका साथै बधाई ज्ञापन गरे । हाल कोरोना भाइरस (कोभिड-१९) का कारण सम्पूर्ण विश्व नै आक्रान्त भइरहेको अवस्थामा सबैलाई धैर्य धारण गर्दै आफू, आफ्नो परिवार, समाज एवं सम्पूर्णको सुरक्षा तथा स्वास्थ्यलाई ध्यानमा राख्दै आवश्यक जीवनशैली अपनाउन आग्रह गरे । रातपछि सधैं नयाँ विहानी आउने हुनाले अहिलेको चुनौतीपूर्ण अवस्थाबाट पनि मानव जीवनले धैर्यताका साथ एकजुट भै अगाडि बढेमा विजय प्राप्त गर्ने कुरामा सबै विश्वस्त हुनु पर्ने विचार राख्नु भयो । सञ्चालक समितिका तर्फबाटनेपाल लाइफका अध्यक्षगोविन्द संघईले सबैलाई धन्यवाद दिनुका साथै आगामी दिनमा सबैको सहयोग, सद्भाव र मार्गदर्शनको निरन्तरताको अपेक्षा गरे । यस विषम परिस्थितिमा सबैको सु–स्वास्थ्य र सुरक्षाको कामना पनि गरे । समयसापेक्ष नेपाल लाइफले प्रविधिमैत्री सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल लाइफको बीमा शुल्क (प्रिमियम) विभिन्न डिजिटल पेयमेन्ट तथा डिजिटल वालेटबाट कुनै पनि ठाउँबाट जुनसुकै समयमा भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको छ । नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरू इसेवा, खल्ती, कनेक्ट आईपीएस तथा प्रभु पेबाट अनलाइन भुक्तानी भइरहेको छ । त्यस्तै फोन पेमार्फत आफ्नो बैंक खाता कनेक्ट गरी र नेपाल इन्भेष्टमेन्ट बैंकको इन्टरनेट बैंकिङ्ग लगायतका मार्फत अनलाइन भुक्तानीको सेवा प्रदान गरिरहेको छ । हाल नेपाल लाइफले जीवन बीमा कम्पनीहरूमध्ये करिब एक तिहाई बजारहिस्सा ओगटेको छ । २० वर्ष प्रवेश गर्दा नेपाल लाइफको चुक्तापूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ५ अर्ब ५० करोड रहेको छ भने लगानी रू. ८६ अर्ब ३३ करोड रूपैयाँ रहेको छ । त्यस्तै, कम्पनीको जीवन बीमा कोष ८२ अर्बरूपैयाँ र शेयरधनी कोष ८ अर्ब ६० करोडभन्दा बढी रहेको छ । १ लाख ५४ हजार ५ सय ६ जना प्रशिक्षित अभिकर्ता रहेको यस कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि हालसम्म देशभर फैलिएका २ सय शाखा तथा उप शाखा कार्यालयहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ ।हालसम्म स्वदेश र विदेशमा गरी २७ लाख ३६ हजार ३ सय ११ व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन् ।

# रेडजोनमा...

सामाजिक विकास मन्त्रालयको आपूर्ति महाशाखाका सूचना अधिकारी श्रवणकुमार नायकले सबैभन्दा बढी आरडीटी र भीटीएम किट रौतहट, बारा र पर्सा पठाइएको जानकारी दिए । तीनवटै जिल्लामा कोरोना संक्रमित फेला परेपछि 'कन्ट्याक्ट ट्रेसिङ' गर्नुपर्ने भएकोले सबैभन्दा बढी किटहरू तीन जिल्लामा पठाउनु परेको उनको भनाइ छ ।

उनले अहिले रहेको मौज्दातले बढीमा ३/४ दिनमात्र धान्नसक्ने बताएका छन् । प्रदेश २ को लागि न्यूनतम २० देखि २५ हजार भीटीएम किट आवश्यक रहेको बताउँदै उनले किट खरिद गर्न प्रदेश सरकारले प्रक्रिया सुरू गरिसकेको जानकारी दिए ।

'अहिलेसम्म संघीय सरकारले पठाएको किटले परीक्षण भइरहेको छ, हामीले खरिद गरेका छैनौं', उनले भने, 'प्रदेश सरकारले टेन्डर निकालिसकेको छ, सबै ठाउँमा किट उपलब्ध नभएकोले पनि समस्या भएको हो ।'

यसैबीच प्रदेश २ मा कोरोना भाइरसको रोकथाम र उपचारमा थप सहयोग पुऱ्याउन यहाँको नर्सिङ क्याम्पसको हातामा लेभल-२ को 'कोरोना विशेष अस्पताल' सञ्चालनमा आएको छ ।

प्रदेश सरकारले सञ्चालनमा ल्याएको सो विशेष अस्पतालमा सम्भावित कोरोना सङ्क्रमित गर्भवतीको प्रसूति साथै शल्यक्रिया गर्नेसमेत व्यवस्था रहेको छ । ५० शैय्याको विशेष अस्पतालमा आठ शैय्यामा आइसीयूको व्यवस्था रहेको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी गराए ।

जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा सञ्चालित लेभल-१ को कोरोना अस्पतालबाट सिफारिस गरिएका मध्यम, जटिल र अतिजटिल बिरामीको सो विशेष अस्पतालमा उपचार हुने उनले जानकारी दिए । विशेष अस्पताल सञ्चालनमा आएपछि कोरोनाको उपचारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

यसका साथै विशेष अस्पताल सञ्चालन गर्ने प्रदेश सरकारको नीतिअनुरूप पर्साको पोखरिया-४ स्थित अस्पतालमा आठ शैय्याको आइसोलेसन कक्ष पनि सञ्चालनमा आएको छ ।

यसैबीच प्रदेश २ को कोरोना सङ्क्रमणबाट बढी प्रभावित वीरगञ्जको छपकैयामा दुई थप जनशक्तिका साथै स्वाबको नमूना सङ्कलन कार्यमा तीव्रता ल्याइने छ । वीरगञ्जको वडा नं १, २ र ३ लाई स्थानीय प्रशासनले 'सिल' गरी कन्टयाक्ट ट्रेसिङ र स्वाबको नमूना सङ्कलन कार्य जारी राखेको छ ।

सो स्थानका एकै परिवारका १७ जनामा कोरोना भाइरस भेटिएपछि ती परिवारको आसपासका १८ परिवारका साथै सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी स्वाबको नमूना सङ्कलन कार्यलाई प्रमुखताका साथ अगाडि बढाइएको हो । सो क्षेत्रमा स्वाब सङ्कलन कार्यमा तीव्रता ल्याउन स्वास्थ्य मन्त्रालयका 'भाइरल ट्रान्सपोर्ट मिडियम' (भिटीएम) सहितको जनशक्तिका साथै प्रदेश सरकारका प्रतिनिधि, स्वास्थ्यकर्मीका टोली, प्रादेशिक स्वास्थ्य तालिम केन्द्र पथलैया, नारायण अस्पतालका साथै पर्साका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी सो कार्यमा जुटेका छन् ।

सिल गरिएका क्षेत्रमा २६२ जनाको स्वाबको नमूना संकलन गरिएको थियो । अहिलेसम्म तीन हजार १७३ को स्वाब संकलन गरिएको छ । त्यसमध्ये अहिलेसम्ममा दुई हजार ३९३ को रिपोर्ट नेगेटिभ आएको छ भने ७५० जनाको रिपोर्ट आउन बाँकी छ । यस प्रदेशमा अहिलेसम्म ३० कोरोना सङ्क्रमित भएका छन् । दुई जना उपचार गराइ घर फर्केका छन् । २८ जनाको वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

# नेकपामा...

यसैबीचमा नेकपाको राजनीतिमा हात हालेको भनेर पटकपटक विवादित राष्ट्रपति विद्यादेवी भण्डारीसँग चिनियाँ राष्ट्रपति सी चीन फिङको टेलिफोन संवादका क्रममा चार दिनअघि राजदूत हो यान्छीले भेटेकी थिइन् ।

चिनियाँ राष्ट्रपतिले नेपाली राष्ट्रपति मार्फत नेकपाका नेताहरूलाई सन्देश दिन चाहेका थिए । चीनले नेकपाको विग्रह मन नपराएपछि चीनियाँ राजदुत जुनस्तरमा सक्रिय भइरहेकी छिन् त्यो सक्रियतालाई नेपालको आन्तरिक मामिलाको 'माइक्रो म्यानेजमेन्ट' खालको भएको कुटनीतिक क्षेत्रका जानकारहरू बताउँछन् । विगतमा कतिपय देशले यस्तै व्यवहार देखाउँदा आलोचित हुनुपरेको थियो । अहिले चीनको भूमिका पनि सोहि स्तरमै रहेको धेरैले अनौपचारिक तहमै भएपनि टिप्पणी गर्न थालेका छन् । एकिकरणमा आफ्नो समेत भूमिका रहेको नेकपा नफुटोस भन्ने चाहनाका साथ चीन नेकपा भित्रको द्वन्दको माइक्रो म्यानेजमेन्टमा लागेको नेकपाका एक स्थायी समिति सदस्य बताउँछन् । चिनियाँ राजदूतले भेटघाटलाई निरन्तरता दिदै नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेट्न पुगिन । खुमलटारमा प्रचण्डसँग कुराकानी गरेलगत्तै उनले नेकपा नेता माधवकुमार नेपाललाई भेटेकी छन् । दुई दिनअघि चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका प्रमुख सोङ ताओले नेपाललगायतका नेतासँग तीन घण्टा लामो भिडियो कन्फरेन्स गरेका थिए । स्रोतहरूका अनुसार नेकपाको संभावित विभाजन रोक्न र मिलेर जान उनले नेकपाका नेताहरूलाई चिनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट सुझाव तथा दवाव दिएकी छिन् । प्रचण्डसँगको भेटपछि नेकपाका एक स्थायी समिति सदस्यले भने, 'कुनै सूत्र निकालेर सहमतिमा पुग्न चिनियाँ राजदूतले आग्रह गरिन् ।'





**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं